# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २२ जेठ २०८१
# मङ्गलवार
# बैठक सङ्ख्या- १२

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे)**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यहरूबाट समय माग भएको छ। म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। आकस्मिक समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई तीन/तीन मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय पदम बहादुर परियार।

(१३:१९ बजे)**माननीय श्री पदम बहादुर परियार (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, शान्ति बाटिकामा अपाङ्गता भएका व्यक्तिहरूले दिपक भण्डारी, प्रेम बुढाथोकी लगायतका अपाङ्गता भएका व्यक्तिहरूले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी नियमावली, २०७७ बमोजिम व्यक्तिगत सहयोगी सेवा नेपाल सरकारले उपलब्ध गराउनु पर्छ भनेर धर्नामा बसेको दोस्रो चरणको धर्नामा बसेको पनि आज ३६ दिन भइसक्यो। हिजो मात्रै धर्नामा बस्नुभएका दिपक भण्डारी सिकिस्त बिरामी परेर विर हस्पिटलमा भर्ना हुनु भएको छ। र अन्य धर्नामा बस्ने अपाङ्गता

भएका अधिकारकर्मी साथीहरूको पनि स्वास्थ्य दिनानुदिन बिग्रँदै गइरहेको सन्दर्भमा र नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउँछु भनेर सम्झौता पनि गरेको र त्यससम्बन्धी चाहिँ सम्झौता पनि गरेको र त्यो सेवा चाहिँ दिन्छु भनेर बाचा पनि गरेको। नियमावलीमा पनि भएको हुनाले तुरुन्त नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयलाई यस बारेमा के कस्तो व्यवस्था भएको छ भनी सभाध्यक्ष महोदयमार्फत मन्त्रालयको ध्यानाकर्षण गराइदिनु हुनका लागि म हार्दिक अनुरोध गर्दछु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:२० बजे)<u>**माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**</u>:- सम्माननीय अध्यक्ष महोदय, यो २०८० बैशाख ६ बाट अनशनमा रहनु भएका दिपक भण्डारी लगायतका अशनकारीहरूको अवस्था बिग्रँदै गएको छ। र नेपालको संविधानको मौलिक हकमा अपाङ्गतासम्बन्धी भएको व्यवस्था। त्यसै गरी २०७७ मा अपाङ्गता नियमावलीमा भएको व्यवस्था अनुसार अति अशक्त जो सहारा बिहीन छन्। र यी संवेदनशील अवस्थामा भएका अपाङ्गहरूलाई सहयोगीको व्यवस्था गर्ने भन्ने नियमावलीमा पनि छ। र त्योअनुसार अहिले सम्बन्धित मन्त्रालयको म जनयुद्ध, जनआन्दोलनका अपाङ्गहरू त्यसै गरी चाहिँ प्राकृतिक अपाङ्गता भएका अति संवेदनशील चाहिँहरू हुनुहुन्छ। जसको सहारा छैन। उहाँहरूलाई चाहिँ एक जना सहयोगीको चाहिँ व्यवस्था गर्न म सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गर्छु।

(१३:२२ बजे)<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु।

सर्वप्रथम माननीय इन्दिरा देवी गौतम।

(१३:२२ बजे)<u>**माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, जलवायु परिवर्तनको जोखिम सँगसँगै पिउने पानीकोसमेतको अभाव सुरु भएको छ। जमिन मुनिको पानीको सतह घटेर तराईंमा ट्युबवेलबाट पानी आउन छाडेको छ। पहाडका

पानीको स्रोत र मुहान सुक्न थालेको छ। सहर बजारमा धाराबाट पानी पर्याप्त मात्रामा आउन छाडेको छ। जता ततै पिउने पानीको अभाव भएर हाहाकार मच्चिन सुरु भएको छ। यस्तो अवस्थामा अब कसरी जनतालाई खाने पानीको व्यवस्था गर्न सकिन्छ। यस सम्बन्धमा सरकारको ध्यान जाओस् भन्न चाहन्छु।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य गंगा कुमारी बेलबासे।

**(१३:२३ बजे)<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**ः सम्माननीय अध्यक्षज्यू, वर्षायाम सुरु भए सँगै हावा हुरीले घरका छाना उडाएको, केरा खेतीमा क्षति भएको र चितवनको टिकौलीको जङ्गलमा रुख ढलेर गाडीहरू किचिएको र क्षति भएको हुनाले क्षतिको अनुमान गरी क्षतिपूर्तिको व्यवस्था गरियोस् भन्ने माग गर्दछु। प्राकृतिक प्रकोप बाढी, पहिरो क्षतिको अनुमान गरी पूर्व तयारीमा ध्यान दिइयोस् भन्ने कुराहरू राख्न चाहन्छु। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मर्मत संभार भइरहेको कुरा जानकारीमा आएको छ। पोखरा र भैरहवालाई अन्तर्राष्ट्रिय विमानस्थल प्रयोग गरी त्यहाँ जनशक्तिको व्यवस्था र उडानको व्यवस्था गर्न हार्दिक अनुरोध गर्दछु।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य तुलसा कुमारी दाहाल।

**(१३:२४ बजे)<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- अध्यक्ष महोदय, कुनै पनि राष्ट्रको समृद्धि र विकासको लागि तीन कुराको आवश्यकता हुन्छ। दुरदर्शी नेतृत्व, बलियो राजनीतिक दल र राजनीतिक स्थायित्व भएको सरकार हुनुपर्दछ। बहुदलीय प्रजातान्त्रिक व्यवस्था स्थापना भएको पनि ३४ वर्ष भइसक्यो। २८ जना प्रधानमन्त्री हुनुभयो। राजनीतिक स्थायित्व र स्थायी सरकार नहुँदा सहकार्य र गठबन्धनको संस्कारले उपयुक्त नीति र बनेका नीतिहरूको कार्यान्वयनको सबल र सक्षम हुनसकिरहेको छैन। यस बिचमा छवटा आमनिर्वाचनहरू सम्पन्न भयो। २०१५ साल सम्मको आमनिर्वाचन गणना गर्दा। २०४८ साल, २०५१ साल, २०५६ साल, २०७४ साल र २०७९ मा पनि आमनिर्वाचन भएको छ। उल्लेखित निर्वाचनबाट नेपाली काँग्रेसबाट पाँचजना जननिर्वाचित प्रधानमन्त्री हुनु भएको थियो। नेकपा एमालेबाट चारजना र राप्रपा र नेकपा माओवादीबाट दुई/दुई जना जननिर्वाचित प्रधानमन्त्री हुनुभयो

भने एकै व्यक्ति पनि पटक पटक दोह्रोरिरहनु भएको छ। संविधान सभाको दुईवटा निर्वाचन सफल भए। २०६४ साल र २०७० सालमा। ..... (समय सकिएको)

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य भगवती न्यौपाने।

(१३:२५ बजे)**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यही जेठ ६ गते तनहुँ जिल्लाको व्यास नगरपालिका वडा नं. ३ मा आगलागी भयो। आइलागी भइसके पछाडि त्यहाँ रातको ठिक १२ बजेर ४५ मिनेटमा आगलागी भयो। र त्यहाँ व्यापारी सटरहरू जले। २१ वटा सटरहरू जले। सटरहरूसँगै सामानहरू पनि जले। आज व्यापारीहरू सात करोडभन्दा बढीको क्षति भएको छ। व्यापारीहरूको धेरै पीडित हुनुहुन्छ। म त्यहाँ पुगे। उहाँहरूको पीडाहरू सुने। म सरकारसँग जोडदाररूपमा माग गर्न चाहन्छु की ती व्यापारीहरूको पीडामा मलम लगाउनको निम्ति क्षतिपूर्तिको व्यवस्था गरियोस् भनेर म सरकारसँग ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१३:२६ बजे)**माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अस्ति २० गते गएको हावा हुरिले कर्णाली प्रदेशको प्रायः जस्तो सबै जिल्लाहरूमा टेलिफोन टावर सुचारु छैन। विद्युत गएको छैन। गर्मीको समय छ। टेलिफोन टावर र विद्युतको व्यवस्थापन गर्न र त्यहाँ धेरै टहराहरू भत्किएका छन्। भूकम्प पीडित क्षेत्रहरूमा पनि त्यसले ठुलो असर पारेको छ। यसको व्यवस्थापनको लागि सम्माननीय अक्ष्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य शारदा देवी भट्ट।

(१३:२७ बजे)**माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, देशै भरी चाँडै मनसुन भित्रिदै छ। सधै झै वर्षा लागे सँगै देशभर बाढी, पहिरो जस्तो प्राकृतिक आपत पनि सुरु हुन्छन्। गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्ष देश भर मनसुनजन्य विपदबाट अठार लाख बढी घरधुरी

प्रभावित हुने भनी अड्कल गरिएको छ। यो गत वर्षभन्दा ६ लाखले बढी हो। त्यस्तै सुदूरपश्चिमको देशका विभिन्न क्षेत्रमा प्रत्येक वर्ष मनसुनजन्य विपदबाट हजारौं जनता प्रभावित हुन्छन्। यस वर्ष पनि पाँच हजार भन्दा बढी जनता प्रत्यक्ष प्रभावित हुने अनुमान छ। तसर्थ समयमै जनताको जनधनको क्षतिको न्यूनीकरण र रोकथाममा सम्माननीयज्यूमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य सुमित्रा वि.सी.।

(१३:२८ बजे)**माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो नारायणगढ-बुटवल खण्डको बाटो अब वर्षा लाग्यो त्यहाँ साह्रै कष्टपूर्ण छ। बाह्र घण्टा लाग्ने बाटोमा छत्तीस घण्टा लागेर नेपालगञ्ज पुग्नु पर्ने हुन्छ। यसमा भौतिक मन्त्रालयको म ध्यानाकर्षण गर्न चाहन्छु। र सातैवटा प्रदेशमा जनताहरूको स्वास्थ्यको चाहिँ ध्यान गरेर ध्यान केन्द्रहरू राखियोस् भन्ने म माग गर्न चाहन्छु। र यो सामाजिक सुरक्षा भत्ता छ त्यसमा चाहिँ ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा भत्तामा पेन्सनवालाहरूलाई नदिने भन्ने कुरा छ। पेन्सन चाहिँ आफूले मेहनत गरेर कमाएको हो। र ज्येष्ठ नागरिक भत्ता चाहिँ राज्यले दिएको सुविधा हो। यसको बारेमा पनि विचार गरियोस्। र कर्मचारीको तलब नबढेको दुई वर्ष भयो। खान बाच्न पाउने गरी कर्मचारीलाई तलब दिने व्यवस्था गरियोस्। ..... (समय सकिएको)

(१३:२९ बजे)**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्नेक्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल जारी रहन्छ। आजको छलफलमा भाग लिन दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त हुन आएको छ। अब म माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँदछु।

सर्वप्रथम माननीय सदस्य रेनु चन्द समय ८ मिनेट। यसपछि माननीय सदस्य कृष्ण प्रसाद सिटौला।

(१३:३० बजे)**मानननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्यमाथि म आफ्नो धारणा राख्न गइरहेकी छु। सबै भन्दा पहिला यस्तो जटिल परिस्थितिमा पनि यसको झुकाव यो बजेटको झुकाव प्रस्तुत प्रतिवेदनको झुकाव चाहिँ समाजवादतिर छ। यो सकारात्मक छ। त्यसकारण म यसको मूल स्पिरिटसँग सहमत छु। र यसको समर्थन गर्दछु। दोस्रो कुरा यसमा गणतन्त्र स्थापनादेखि विभिन्न क्षेत्रमा भएको प्रगतिको डाटा, विवरण, स्थिति राखिएको छ, सो सराहनीय छ। यो कुरा मैले किन भनिरहेकी छु भने कुन विन्दुबाट विषयवस्तुको मूल्याङ्कन गर्ने भन्ने कुरामा हामी गम्भीर भएनौं भने हामी चाहिँ विषयवस्तुलाई सही ढङ्गले सत्यपरक ढङ्गले त्यसको विश्लेषण गर्न सक्दैनौं। यसैले गणतन्त्र स्थापना पश्चातको जो स्थिति यहाँ राखिएको छ। त्यसले सकारात्मक सन्देश पनि दिन्छ। त्यसले एउटा नयाँ ऊर्जा पनि दिन्छ। यसलाई बिर्सेर जनयुद्धलाई, जनआन्दोललाई, मधेस आन्दोलनलाई जति पनि प्रगतिशील आन्दोलनहरू नेपालमा भएका छन्। यी सबैलाई बिर्सेर अन्य कुनै कोणबाट हामीले चाहिँ नेपाली समाज र राजनीतिको विश्लेषण गर्न थाल्यौं भने हामी सही ठाउँमा पुग्दैनौं। यसलाई म अझ राम्ररी कसरी भनिदिउँ भने जुम्लाबाट केही व्यापारीहरू नेपालगञ्ज व्यापार गर्न झर्नुभयो। नेपालगञ्जमा ठुलो बडेमानको बङ्गुरहरू देख्नुभयो। जुम्लामा त त्यति बङ्गुरहरू हुँदैन। र जो टिम तल झर्यो व्यापारीहरूको त्यो टिमको जो नाइके हुन्छ त्यसलाई हाम्रो भाषामा माउरे भन्छौं। अनि साथीहरू त्यो देखिसके पछि माउरेलाई सोधेछन्। यो के जनावर हो? यो क्या जनावर हो? माउरेले पनि कहिल्लै देखेको थिएन। तर माउरेले जवाफ दिनु पर्छ। र माउरेले जवाफ दिएछ। यस्सो हेरेछ र भनेछ यो क्या त विग्रेको हात्ती हो की सप्रेको मुसो हो। त्यसैले गणतन्त्रलाई जनयुद्धलाई, जनआन्दोलनलाई, मधेस आन्दोलनलाई बिर्सेर दरकिनार गरेर कुनै पनि विश्लेषण गर्नीतिर हामी लाग्यौं भने त्यो माउरेले गरेको बुङ्गुरको विश्लेषण जस्तै हुन्छ। मैले यति भने। र बजेटमा पाँच उद्देश्य, प्राथमिकता, आर्थिक सुधारका रणनीति र रूपान्तरणको क्षेत्र पहिल्याउनु भएको छ माननीय अर्थमन्त्रीज्यूले। जसले बजेटको हिँड्ने लिक तयार पारेको छ जस्तो मलाई लाग्छ। कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र औद्योगिक विकासलाई पाँच रूपान्तरणकारी क्षेत्रको रूपमा पहिचान गर्नु भएको छ। यसले बजेटको प्राथमिकतालाई स्पष्ट पारेको छ। यसको भाषा सरल छ। जसले गर्दाखेरि जनताका लागि बोधगम्य छ। र बोधगम्य भएकै कारण बजेटसँग पब्लिकको कनेक्टिभिटी, इन्स्टयान्ट कनेक्टिभिटी भएको छ। जसले गर्दा यो बजेट जनताबाट पनि बढी स्वीकार्यरूपमा अगाडि बढिरहेको मैले देखिरहेको छु। कृषि लगानी वर्षको घोषणा राम्रो सुरुवात हो। यसमा सफलता प्राप्त होस् भन्ने मेरो शुभेच्छा छ। अब निजी क्षेत्रको विषयमा यहाँ कस्तो भयो भने कसैले निजी क्षेत्र खुशी भएको छ भन्ने विचार व्यक्त गर्नुभयो। कसैले निजी क्षेत्र दुःखी भएको छ भनेर विचार व्यक्त गर्नु भयो। यो आफ्नो वैचारिक राजनीतिक विश्लेषणको आधारमा

व्यक्त भएका कुराहरू छन्, जुन पूर्णरूपमा पचाउन सकिने खालका नै छन्। मेरो विचारमा कृषिमा टेकेर निजी क्षेत्रको प्रवर्धन र सहयोग गरेर यो बजेट अगाडि बढ्न खोजिरहेको छ। यो राम्रो कुरा हो। गाँजाको व्यावसायिक उत्पादन गर्ने कुरा स्वागतयोग्य छ। तर यसका लागि कानुनी प्रावधानमा precautions मा पनि ध्यान दिनुपर्छ। जुन चिज सही उद्देश्यका साथ लागू गर्न खोजिएको छ। त्यसको रिजल्ट पनि सही आउनु पर्यो। छुरी, चाकुको उत्पादन मुलभूतरूपमा तरकारी र फलफूल काट्न भएको हो। त्यसको कहिलेकाँही दुरुपयोग पनि हुन्छ। त्यो दुरुपयोग हुने पाटापट्टी सतर्क हुँदै यो विषयमा सरकार अगाडि बढोस् भन्ने म सरकारको सम्माननीय अध्यक्षज्यूमार्फत ध्यानाकर्षण गराउन चाहें। त्यसै गरी घरेलु मदिराको उत्पादन, ब्रान्डिङ्ग र बजारीकरण तथा बिक्रीको कुरा पनि राम्रो विषय रहेको छ। सूचना प्रविधि दशक र एआईको बारेमा यो बजेट यसको बलियो पक्ष सेकेन्ड बलियो पक्ष यो बजेटको सूचना प्रविधिको दशक बनाउने कुरा जुन भनिएको छ। यसको बलियो पक्ष छ। यो नेपालले एक्सप्लोर गर्न नसकेको क्षेत्र भएको हुनाले पनि हामी यसमा बलियो कम्पिटिसन दिन सक्छम भन्ने यसमा मेरो बुझाइ छ। सोह्र लाख पर्यटक भित्र्याउने भन्नु भा'छ माननीय अर्थमन्त्रीज्यूको म ध्यानाकर्षण गराउन चाहन्छु। सुपमा पनि डेढ दुई लाख पर्यटक पठाउने व्यवस्था गरिदिनुस्, किनकी हाम्रो सुप पर्यटकीय दृष्टिले भर्जिन ल्याण्डको रूपमा अहिलेसम्म रहिआएको छ। Destination reading चलन चलेको बेला पो पौराणिक, ऐतिहासिक, राम जानकी, प्रेम गाथाको उद्गमस्थल जनकपुरलाई विवाह गन्तव्यको लागि प्रस्ताव गर्नुभएको छ। यसले मलाई हर्षित बनाएको छ। म खुशी छु। "मेक इन नेपाल, मेड इन नेपाल" झोलाबाटै सुरु गर्नु भएको छ। यसको निरन्तरता कस्तो हुन्छ हेर्दै जाउँला। युवाको लागि स्टार्टअप, महिला लगानी वर्षजस्तो कार्यक्रमले निश्चितरूपमा युवामा उत्साह पैदा गरेको छ। प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम राम्रो छ। यसको implementation मा बढी ध्यान दिनुपर्ने हुन्छ। अब छोरीको ठाउँमा कसैले यसलाई अप्ठ्यारो मान्छ भने त्यो जो अप्ठ्यारो मान्छ उसको problem हो। यो योजनाको problem होइन। सुपको बारेमा जति योजनाहरू यहाँ भन्नुभएको छ। यहाँ लेख्नुभएको छ। त्यसमा चाहिँ त्यसलाई पूरा हुने गरी बजेट allocate गरिदिनुहोला। बजेट allocate गरिदिनुहोला भन्ने मैले सम्माननीयज्यूको मार्फत मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहें। जस्तो महाकाली करिडोरको कुरा अहिले चाहिँ त्यसमा सबैभन्दा कम पैसा महाकाली करिडोरमा allocate भएको छ। त्यसलाई बढाउनु पर्यो। ध्यानको कुरा। ध्यानको international destination रूपमा चाहिँ नेपाललाई स्थापित गर्ने गरी नेपाल सरकारले योजनाहरू ल्याउनु पर्छ। त्यसमा अर्थमन्त्रीज्यूको विशेष ध्यान जानुपर्छ। हिजो मात्र कुरा आएको छ। खसड चाहिँ खसडको जुन ग्राभिटी छ। ध्यानको लागि त्यस्तो ग्राभिटी नेपालभरिमा अन्त कहीं प्राप्त गर्न सकिँदैन। यसलाई भजाएर त्यहाँको tourism development मा योगदान पुर्याउन सकिन्छ। त्यस्तै फाप्ला क्रिकेट मैदानसहित दशरथ चन्द स्वास्थ्य विज्ञान

विश्वविद्यालयलाई यसै आर्थिक वर्ष भित्र आगामी आर्थिक वर्षभित्र सञ्चालन हुने गरी अगाडि बढाउनु हुनेछ। यो विषयमा मैले विशेष गरी सुदूर पश्चिमको एजेण्डाहरूलाई लिएर माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराएँ। अब माननीय मन्त्रीज्यूलाई म त्यो पनि भन्न चाहन्छु भने यो इतिहासले मौका दिन्छ। crisis मा आफूलाई आफ्नो देशलाई उकास्ने मौका दिन्छ। यो मौका चाहिँ नेपाल सरकारलाई र नेपाल सरकारका मन्त्रीहरूलाई प्राप्त भएको छ। यस्तै एउटा मौका भारतको डा. मनमोहन सिंहलाई पनि प्राप्त भएको थियो। र यो मौकाको तपाईंहरूले सदुपयोग गर्नुहुनेछ भन्ने शुभेच्छा राख्दै यो बजेटको समर्थन गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कृष्ण प्रसाद सिटौला। समय १० मिनेट। यसपछि माननीय सदस्य भगवती न्यौपाने।

(१३:३८ बजे)**माननीय कृष्ण प्रसाद सिटौला (नेपाली काँग्रेस)**:- अध्यक्ष महोदय, बजेट वक्तव्यमा हामीहरू छलफल गरिराखेका छौं। बजेटलाई संसदमा दुवै सदनमा गहनतम छलफल भएको छ। खासगरी राष्ट्रिय सभामा हुने छलफलको कोण र प्रतिनिधि सभामा हुने छलफलको कोण अलि फरक ढङ्गको छ। म यहाँ बजेटका विस्तृत विषयमा प्रवेश गर्न उभिएको छैन। मात्रै दुईवटा कुरा र दुईवटा राजनीतिक कुराले मेरो ध्यानाकर्षण यसमा आकृष्ट गरेको छ। एउटा छ सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय विस्तृत शान्ति सम्झौता अन्तर्गतको अर्को छ यहि बजेट वक्तव्यमा आएको अर्को टाइटल सङ्घीयताको सबलीकरणसम्बन्धी विषय। पहिलो विषयमा सङ्क्षिप्तमा चाहिँ केही कुरा राख्न चाहन्छु। हामीले विस्तृत शान्ति सम्झौता गरेको अठार वर्ष नाघ्यो। तत्काल द्वन्द्वपीडितलाई न्याय दिन्छु भनेर हामीले भनेकै हौं। सात राजनीतिक दलहरूको तर्फबाट तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला विद्रोही माओवादीको तर्फबाट त्यसबेला पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले हस्ताक्षर गर्नुभयो। तर त्यो इस्यू टर्दै, टर्दै, टर्दै अहिले अठार वर्ष नाघ्यो। भनिन्छ Justice delayed is justice denied. यो jurisprudence को सामान्य सिद्धान्त हो। अब जो घाइते थिए। जो अपाङ्ग थिए। कतिको त मृत्यु भइसकेको होला। कति? जसका परिवार जसले गुमायो। ती गुमाउने परिवारका guardian पनि कति गुमिसके होलान् काल गतिले। आज झण्डै दुई दशक लामो भयो। हामीले प्रतिबद्धता जनाएको तर त्यसले अझै पनि आकार लिएको छैन। विगतमा जतिबेला कानुन बन्यो, त्यो कानुन अधुरो रह्यो, अपूर्ण रह्यो। सर्वोच्च अदालतले भन्यो त्यसलाई correction गर। न्याय कानुन बनाउ। यो दफा गलत छ भन्यो। तर अहिलेसम्म पनि त्यसलाई हामीले पूर्णता दिन सकेका छैनौं। त्यो अड्केरै बसेको छ प्रतिनिधि सभाको समितिमा

गएर। कहिले काहीँ शीर्ष नेताहरूको बैठकमा उपस्थित हुने सहभागी हुने मौका पाउँछु। त्यहाँ यो विषय जहिले पनि प्रवेश गर्छ। तर यसले आकार लिन सकेको छैन। यो विषय अहिले फेरि बजेट वक्तव्यमा आएको छ। लिखित बजेट छुट्याइएको पनि पाउँछु म त्यहाँ। थोरै बजेट एक अर्ब चानचुन पैसा। तर मुख्य रूपबाट के साँच्चै हामीहरू द्वन्द्वपीडितहरूलाई न्याय दिन तयार छौं? कि छैनौं? सबैभन्दा कहालीलाग्दो विषय त कहाँनिर छ भने द्वन्द्वका बेलामा पनि म धेरै ठाउँ हिँडेको हो त्यसबेला धेरै ठाउँ देखियो। कतिपय गाउँमा जानै सकिँदैनथ्यो। गएका ठाउँमा माओवादीहरू त्यसबेलाको राज्यको सुरक्षा निकायले कसैले पक्रेर लिएर गयो भने माओवादीको शङ्कामा। प्रायः यसले माओवादीलाई सहयोग गरेको छ भन्ने शङ्का सुरक्षा निकायलाई हुन्थ्यो। समातेर लान्थ्यो। त्यो फिरेर आएन कतिपय ठाउँहरूमा। फिरेरै आएन, अहिलेसम्मन् आएन। कतिपय ठाउँमा लास मात्रै guardian हरूले भेटे। कोही ठाउँमा माओवादीहरूले त्यस्तै गरेर सुराकीको शङ्कामा पक्रेर लिएर गयो। ती मान्छेहरू पनि फिरेन। यो सशस्त्र द्वन्द्वको दुई वटा मूल पाटो हो। एउटा राज्य छ। यसको सुरक्षा निकायको हातमा बन्दुक छ, त्यसका लागि तयार छ। अर्को विद्रोही माओवादी छ। त्यसको लडाकु छ, उसका हातमा पनि बन्दुक छ। दुईटा त दुई वटा बाटोमा छन्। लडन्त भिडन्त भयो त्यहाँनिर। त दुई वटा बन्दुकको बिचमा परेका जो मानिसहरू छन्। चाहे जुनै कारणले होस्, चाहे माओवादीको छापामारहरूले, लडाकुहरूले, सैन्यले सुराकीको शङ्कामा पक्रेर लएको मान्छेको कथा होस्, घटना होस्, चाहे सेनाले यसले माओवादीलाई सहयोग गर्यो है भनेर गाउँबाट पक्रेर लिएर गएको मान्छे होस्। चाहे प्रहरी हिरासतमा टर्चर हुँदाहुँदै मारिएको मान्छेको कुरा होस्। सुरक्षा निकाय हिरासतमा। चाहे माओवादीले पक्रेर गएको मान्छे फेरी नपाईकन लास मात्रै भेटिएको कथा होस्। यो विषयमा हामीले समयमा न्याय दिएनौं भने नेपालले जुन ढङ्गले यहाँसम्म आइपुगेको छ अहिले हामीहरू। जसको संविधान सभाको मूल पाटो हो शान्ति प्रक्रिया मूल पाटो हो संविधान सभाको। विश्वशान्ति सम्झौताको एउटा मूल राजनीतिक पक्ष संविधान सभाबाट संविधान निर्माण गर्ने। अर्को द्वन्द्व पीडितहरूलाई न्याय दिने नै हो। पहिलो पाटो त हामीले पूरा गर्यौं। संविधान जारी भयो। अहिले हामी झण्डै आठ वर्ष पुगिसकेका छौं। तर पहिलो पक्ष पहिलो पाटो पूरा गर्न सकेनौं भने म कसैलाई दोषारोपण गर्ने भन्दा पनि सकेनौं भने र अहिलेको परिस्थितिमा सरकारलाई नै भन्नु पर्ने कुरा के हो भने यसमा तपाईंहरू प्राथमिकतामा राख्नु भएन भने स्वयम् अर्थमन्त्रीज्यू यहाँ हुनुहुन्छ। त्यसरी आएको विद्रोह माओवादीको एउटा कमाण्डर नेता नै यहाँ हुनुहुन्छ। यसलाई हामीले समयमा पूरा गर्न सकेनौं भने क्रोनिक बनेर जाने भो। र सिङ्गो नेपालका हामी राजनीतिक दलहरू यसको विवादको घेराबाट मुक्त हुन सकेनौं। राष्ट्रिय घेराबाट, अन्तर्राष्ट्रिय घेराबाट यथार्थ हो। त्यसैले पहिलो मेरो ध्यान सरकारको आकृष्ट गर्न चाहन्छु। यो विषयलाई मूल प्राथमिकताको आधारमा सरकारले यसलाई

टुङ्ग्याउनको लागि प्रयास गरोस्। पहिलो। यसमा हामी प्रतिपक्षमा रहेका जति पनि हामीहरू छौं। हामी संरचनात्मक सहयोग गर्न चाहन्छौ। यसमा गहिराइमा पुगेर फेरि पनि नबल्झिने गरीकन यसलाई हामीले टुङ्गोमा पुर्याउनु पर्छ। एउटा विषय मैले प्रवेश गर्न खोजेको छु आज। यसले मूल प्राथमिकता किन भइरहेको छ। चाहे जो सरकार होस् जो प्रधानमन्त्री होस्। यसले मूल प्राथमिकता नपाउने मूल कारण के हो? यो दुःखका साथ मैले भन्नु पर्छ। यसले मूल प्राथमिकता पाएन भने राजनीतिक दलहरूको बिचको विश्वास सङ्कटग्रस्त बन्दै जान्छ। सरकार आज पुष्पकमल दाहाल “प्रचण्ड” ज्यू हुनुहुन्छ। जसको समर्थनमा चाहिँ सहभागिता सरकार बनोस्। भोलि कोही अर्को प्रधानमन्त्री बन्ला। जसको सहभागितामा जसको समर्थनमा सरकार बनोस्। तर दलहरूको बिचको विश्वास बन्दैन। राष्ट्रिय राजनीतिमा राजनीतिक दलहरू खासगरी परिवर्तनकारी राजनीतिक दलहरू यो राष्ट्रिय सभा त्यही सङ्घर्षबाटै आएका मात्रै माननीयहरू बसेको थलो छ यहाँ। अन्य छैनन् पनि यहाँ। हामी सबैको जिम्मेवारी भित्र छ र साझा जिम्मेवारी भित्र छ। यसलाई हामी constructive तरिकाले अविलम्ब यसलाई टुङ्गोमा पुर्याउनु पर्छ। त्यस तर्फ सरकारको प्राथमिकता पाएको छैन मैले। यो प्राथमिकताको साथ अगाडि बढोस्।

दोस्रो छ फेरि बजेटमा आएको छ, सङ्घीयताको सबलीकरण। संविधान जारी भएको अहिले आठ दश वर्ष पूरा भो। एक चरण निर्वाचनको कार्यकाल पूरा भो। दोस्रो निर्वाचनको कार्यकालमा हामीहरू छौं अहिले। अब नि दुई वर्ष पुग्न लाइसक्यो। अहिले आधुनिक सङ्घीयतासम्बन्धी कानुन निर्माण गर्न नसकिने? अहिलेसम्म पनि सकेनौं? अझै कानुन निर्माण गर्छौं मात्रै हामीले भनिराखेका छौं। त कसैले पूर्णता पाउँछ। एउटा मात्रै example दिन चाहन्छु म। सानो एउटा example, एउटै जिल्लामा पालिकाहरू छन्। हरेक पालिकैपिच्छे शिक्षासम्बन्धी फरक फरक व्यवस्था छ। हरेक पालिका पिच्छे। हरेक पालिका विद्यालयको व्यवस्थापनसम्बन्धी व्यवस्था फरक फरक ढङ्गले बनेको छ। त्यही ढङ्गको गुणस्तर हुने हो। अनि कसरी शिक्षामा सही ढङ्गले देशलाई अगाडि बढ्छ। त्यस्तै हरेक कुरामा चाहे शिक्षामा होस् चाहे स्वास्थ्यमा होस्। हरेक ठाउँमा। जति पनि मौलिक हकसँग जोडिएका विषयहरू छन्। Fundamental rights सँग जोडिएका विषयहरू छन्। ती सबै विषयहरूमा देशभर स्थानीय तहमा र प्रदेशहरूमा पनि फरक फरक ढङ्गले बनेको छ। मैले यहाँ भन्नै पर्छ, सरकारलाई स्थानीय तहका प्रमुखहरू आएका छन्। सरकारको घेराउ गर्न आयो भन्ने खालको धर्ना दिएर बसेको समाचार आइराखेको छ। किन आयो? के कारण छ? त्यसलाई हामीले किन address गर्न सकिराख्या छैनौं? किन सम्झाउन सकिराखेका छैनौं? देशको अर्थतन्त्र यो है भनेर किन भन्न सकिरहेका छैनौं? किन यो कुरा भन्न सबै एक ठाउँ उभिन सकिरहेका छैनौं? यसमा सरकारले विशेष पहल गर्नुपर्छ। स्थानीय तह, प्रदेश तह प्रदेश तह एकपटक राम्ररी समीक्षा

गर्ने बेला भयो। मेरो आफ्नो मूल्याङ्कनमा। संविधान जारी भएको आठ वर्ष भो। अहिले पनि मुख्यमन्त्रीहरू हामीलाई केन्द्रीय सरकारले काम गर्न दिएन। सङ्घीय सरकारले काम गर्न दिएन। हामीलाई अधिकार दिएन। सङ्घीय सरकारले कानुन बनाएर हामीलाई चाहिँ के छ भने प्रशासन, प्रहरी, शिक्षा, स्वास्थ्य जति विषयहरू छन्। चाहे साझा अधिकारका विषयहरू हुन्। चाहे उनीहरूका एकलौटी अधिकारका विषयहरू हुन्। त्यो विषयहरूलाई परिभाषित सङ्घीय सरकारले गरेन। parliament ले गरेन भन्ने गुनासो व्यापक छ। सरकार नै गुनासो गर्ने तहमा भइसकेपछि जनताको गुनासो गर्नु स्वाभाविक भयो । यसरी जनतामा गुनासो छ, निराशा छ। जति हामीहरू भन्दछौँ जसलाई हामीले समयमा नै संवोधन गर्न सकेनौं भने सधैं यो विषयले यही ढङ्गले मात्रै रहिरहन सक्दैन। यसमा पनि त धेरैतिरबाट प्रहार हुन्छ। धेरैतिरको टिप्पणी छ। धेरैतिरबाट आलोचना छ। परिवर्तन त ल्यायौं तर त्यो ल्याएको परिवर्तनले हामीलाई के दियो? यो जनतामा छ। २०६२।०६३ को आन्दोलनको नाबालक पन्ध्र वर्षको मान्छे अहिले आएर के छ भने तिस वर्ष नाघेको छ। Post-graduate भएको छ। डाक्टर भएको  छ र इञ्जिनियर भएको छ। पढालिखा छ भने। यसलाई त्यो आन्दोलनको कुरा पनि थाहा छैन। सशस्त्र द्वन्द्वको पीडा पनि थाहा छैन। २०४६ सालको आन्दोलन पनि थाहा छैन। पञ्चायतकालीन अवस्थामा गरेको व्यवस्थाको सङ्घर्ष पनि थाहा छैन। उसले आजको दिनमा चेत कहाँनिर छ? उसको चेतना कहाँनिर छ? त्यसैले हामीले संबोधन गर्ने कार्यक्रम के ल्याइरहेका छौं? राजनीतिक रुपबाट। सामाजिक रुपबाट, सांस्कृतिकरूपबाट। समग्र विषयलाई संबोधन गर्ने खालको सरकारले नयाँ ढङ्गले सोचोस् भन्ने मेरो विशेष आग्रह। यदि सरकारले नयाँ ढङ्गले सोच्न सक्दैन भने सरकार त हामी बनाउँला। फेर बदल पनि गरौंला अथवा रही रहौंला, पाँच वर्ष पूरा गरौंला हाम्रो कार्यकाल तर देशले चाहेको प्रगति हामी गर्न सक्दैनौं। हामीले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद जति प्रतिबद्धता रहेर समृद्ध राष्ट्र निर्माण गर्ने भन्यौं। प्रस्तावनामा एउटा लक्ष्यबाट हामीले गाइड गर्यौं। अनि संविधानको धारा ४ मा गएर परिभाषा नेपाल राज्य भन्नाले स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, लोकतन्त्रात्मक, समाजवाद-उन्मुख, सङ्घीय गणतन्त्रात्मक व्यवस्था हो भनेर हामीले नेपालको, नेपाल राज्यको परिभाषा गर्यौं। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल हामीले बनायौं। अनि त्यहाँ खालि त्यसको त्यो परिभाषामा खालि धर्मनिरपेक्षलाई स्पष्टीकरण दिएर अलिकति त्यसलाई हामीले परिभाषित गर्यौं। यसको यो अर्थ यो पनि हो है यसले सनातन धर्म संस्कृतिको संरक्षण गर्ने लगायत सनातनदेखि चलिआएका धर्म, संस्कृतिको सुन्दरताको सुनिश्चितता गर्नु पर्छ भनी स्पष्टिकरणमा लेखायौं। तर ती हामीले संविधानमा जति पनि ..... (समय सकिएको)

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भगवती न्यौपाने। समय १२ मिनेट। यसपछि माननीय सदस्य उदय बहादुर बोहरा।

(१३:४९ बजे)**माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी माननीय अर्थमन्त्रीज्यूले यही जेठ १५ गते प्रस्तुत गर्नुभएको दुईवटा सदनलाई संयुक्तरूपमा प्रस्तुत गर्नुभएको बजेट वक्तव्यको विषयमा छलफल गरिरहेका छौं। आज हामी अन्तिम दिन छलफलमा छौं। त्यसैले धेरै माननीयज्यूहरूले यो विषयमा आफ्नो धारणाहरू राखिसक्नुभएको छ। र म आज आफूलाई लागेका यो बजेटका सन्दर्भमा मलाई लागेका मैले गरेको थोरै विश्लेषणको आधारमा यहाँ केही कुराहरू राख्न चाहन्छु। सबैभन्दा पहिला बजेटले लिएको उद्देश्य बजेटले निर्धारण गरेको प्राथमिकता र पहिचान गरेको रूपान्तरणकारी क्षेत्र यसमा सफलता मिलोस्। म शुभकामना पनि व्यक्त गर्न चाहन्छु। म बजेटलाई समर्थन गर्न चाहन्छु। त्यस कारण समर्थन गर्न चाहन्छु। बजेटमा माननीय अर्थमन्त्रीज्यूले सरकारले धेरै कुराहरूको प्रतिबद्धता व्यक्त गरेको छ। केही नयाँ कुराहरू पनि छ। त्यसैले म यो बजेटलाई समर्थन गर्न चाहन्छु। तर बजेटले सधै जनताको एउटा प्रश्न हुन्छ। यो हाम्रो मात्रै प्रश्न होइन। बजेट कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने सन्दर्भमा चाहिँ त्यो प्रश्न चिन्हसमेत खडा भइराख्छ। म माननीय अर्थमन्त्रीज्यू यहीँ हुनुहुन्छ। म अनुरोध गर्न चाहन्छु। हामी आगामी वर्ष छलफल गर्दै गर्दा आगामी आर्थिक वर्षको बजेटमाथिको छलफल गर्दाखेरि हामीले सरकारलाई धन्यवाद दिन पाउँ। बजेट पूर्णरूपमा कार्यान्वयन भयो भनेर धन्यवाद दिन पाउँ। यसकारणले म यस तर्फ माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु। र बजेटमा केही सकारात्मक कुराहरू छन्। जुन कुराहरूको मैले समर्थन गर्दछु। र बजेटमा केही सुझावहरू पनि छन्। र सधैंभरि प्रश्न उठ्ने एउटा कुरा छ। र हामीले पुँजी परिचालन नगरीकन यो देशको विकास कसरी गर्न सकिन्छ? पुँजीको अधिकतम परिचालन नहुँदासम्म देश समृद्ध कसरी बन्न सक्छ? यो प्रश्न सधै उठिराख्छ। यो बहस सधै भइराखेको छ। र पुँजीगत खर्च किन न्यून हुने गर्दछ? किन खर्च हुन सक्दैन? बजेट मन्तव्य प्रस्तुत गर्दै गर्दाखेरि यो विषयमा हामीले पुँजीगत खर्च कति गर्यौं? किन गर्न सकेनौं? लक्ष्यअनुसार किन गर्न सकेनौं? भन्ने कुरा पनि समीक्षाको रूपमा आउनु पर्थ्यो। आउनु पर्छ। र अब पुँजीगत खर्च गर्ने कुरालाई कसरी ग्यारेण्टी गर्न सकिन्छ? कसरी विश्वास दिलाउन सकिन्छ? भन्ने विषयमा पनि प्रस्ट पार्नु पर्छ भन्ने मलाई लागेको छ। एकातिर पुँजीगत खर्च जम्मा १८.९४% छ। त्यो १८.९४% पनि फेरि पनि खर्च हुन सक्दैन कि भन्ने प्रश्न पनि छ। खर्च भएन भने कसरी गरिबीको सङ्ख्यालाई हामीले कसरी घटाउन सक्छौं? यो विषयमा सरकारको ध्यान जान जरुरी छ भन्ने मैले

सुझाव दिन चाहन्छु। त्यस्तै गरेर अर्को राजस्वको कुरा उठिराखेको छ। बजेटलाई कार्यान्वयन गराउनको निम्ति स्रोतहरू निर्माण गर्दाखेरि ती स्रोतहरू जो राजस्व एउटा स्रोत हो। त्यो स्रोत चाहिँ राजस्व किन हामीले लक्ष्यअनुसार उठाउन सकिराखेका छैनौं भन्ने सन्दर्भमा पनि एउटा बहस छ। किन उठ्दैन राजस्व? यस वर्षपनि धेरै उठाउन बाँकी छ। झण्डै एक महिना ८ दिनजति समय मात्रै हामीसँग छ। झण्डै साढे चार खर्ब जति उठाउन बाँकी छ। त्यसैले गर्दाखेरि सरकारले राजस्व उठाउन सकोस्। म शुभकामना दिन चाहन्छु। र राजस्वको क्षेत्र पहिचान गर्न पर्ने थियो। त्यो कुरा उठेको छ। अब हामीले राजस्वको दायरा बढाउनु पर्छ भन्ने कुरा हिजो पनि बोल्ने माननीयज्यूहरूले भन्नुभयो। राजस्वको दायरा बढाउनुपर्छ। राजस्वको क्षेत्रहरू बढाउनु सक्ने क्षेत्रहरू पनि पहिचान गर्न पर्‍यो। जस्तै मैले यो भन्दा अगाडि पनि भनेको थिए। ४०% भन्दा बढी अनौपचारिक क्षेत्र, अनौपचारिक क्षेत्रको अनौपचारिक अर्थतन्त्र छ। त्यसलाई करको दायरामा ल्याउनु पर्‍यो। हाम्रो देशमा व्यापारीहरू साना ठुला गरेर झण्डै पाँच लाख व्यापारीहरू छन् र ती व्यापारीहरू मध्येको ३२% ले कर तिर्दैनन्। र ती करको दायरामा ल्याउनु पर्छ भन्ने कुरा यो भन्दा अगाडि पनि मैले राखेको थिए। म माननीय अर्थमन्त्रीज्यूको ध्यानाकर्षण गर्न चाहन्छु।

र कतिपय ल फर्म सञ्चालन गर्ने lawer हरूले पनि राजस्वको दायमा आउनु भएको छैन। कर तिर्नु भएको छैन भन्ने प्रश्न पनि उठेको छ। त्यो के हो? त्यसलाई चाहिँ माननीय मन्त्रीज्यूको ध्यान जाओस् सरकारको ध्यान जाओस्। क कसले कर तिर्दैन? करको चुहावट राजस्व छलीको चुहावट कहाँ कहाँ छ? त्यो कुरा पहिचान गरेर त्यसलाई समस्याको समाधान गर्ने गरी दीर्घकालीनरूपमा समस्याको समाधान गर्ने गरी जानुपर्छ। कतिपय विदेश पठाउनको निम्ति खोलिएका सञ्चालन गरिएका Consultancy हरूले पनि राजस्व तिरिरहेका छैनन् भन्ने छ। त्यो हो कि होइन? त्यो बारेमा पनि अध्ययन होस्। र कतिपय Celebrity हरूले पनि राजस्व तिर्नु हुँदैन, राजस्व तिर्नुभएको छैन भन्ने छ। त्यसैले मैले भन्न खोजेको दृष्टान्त मात्रै दिएको हो। कति छन् राजस्व नतिर्नेहरू। त्यसको खोजी गरेर राजस्वको दायरामा करको दायरामा ल्याउनुहोस् र करको दायरा विस्तार गर्नको निम्ति पहिचान गर्नुहोस्। यो मेरो चाहिँ माननीय अर्थमन्त्रीज्यूलाई मैले ध्यानाकर्षण गराउन चाहन्छु सरकारलाई मैले ध्यानाकर्षण गराउन चाहन्छु। र बजेटमा भएका कति सबल पक्षहरूको बारेमा यहाँ चर्चा चलिसकेको छ। जस्तै कृषि आगामी चाहिँ दश वर्षलाई कृषि दशक मानिने भनेर भन्ने जे कार्यक्रम आएको छ। त्यो कार्यक्रम स्वागतयोग्य छ। हाम्रो देश कृषि प्रदान देश हो। ६०% जति जनता यहाँ कृषिमा आबद्ध हुनुहुन्छ। २३% जति यो कुल गार्हस्थ्य उत्पादनमा कृषिले योगदान पुर्‍याउँछ। त्यसैले गर्दा कृषिलाई समृद्ध नगरीकन उत्पादन नबढाईकन हाम्रो देश सम्पन्न हुन सक्दैन। समृद्ध हुन सक्दैन। अब हामीले के के कुरा यहाँ

निर्यात गर्न सक्छौं? आज हामीलाई चाहिने खाद्यान्न पनि उत्पादन गर्न सकिराखेका छैनौं। हामीलाई बैसठ्ठी लाख मेट्रिक टन खाद्यान्न चाहिन्छ। तर आज बाउन्न लाख मेट्रिक टन मात्रै खाद्यान्न हामीले चाहिँ उत्पादन गरेका छौं। त्यसैले गर्दा हामीलाई आवश्यक पर्ने खाद्यान्न हामीले उत्पादन गर्न पर्‍यो। अरू हाम्रो देश संसारका थोरै देशहरू छन्। यस्तो विशिष्टीकृत हावापानी भएको देश हामीले धेरै उत्पादन गर्न सक्छौं। कृषि भनेको यहाँ के मात्रै हुने गर्दछ चर्चा भने कृषि भनेको मल हो। समयमा मल दिनु हो। किसानलाई बिउ दिनु हो। अनुदान दिनु हो। त्यति मात्रै भन्ने गरिन्छ। त्यति मात्रै त्यो महत्त्वपूर्ण कुरा हो। तर त्यति मात्रै कृषि होइन। कृषि भनेको ज्ञान हो। कृषि भनेको सीप पनि हो। कृषि भनेको प्रविधि पनि हो। त्यसैले यहाँ अनुसन्धानको कुरालाई पनि जोड दिनु भएको छ। माननीय अर्थमन्त्रीज्यूले अनुसन्धान गर्ने कुरालाई, उत्पादनका नयाँ क्षेत्रहरू पत्ता लगाउने कुराहरूलाई पहिचान गर्ने कुराहरूलाई पनि जोड दिनु भएको छ। मेरो अनुरोध छ। अध्ययन अनुसन्धानलाई अलि बढी महत्त्व दिनुहोस्।

र मैले फेरि पनि भन्न चाहन्छु हामीले ब्राण्ड बनाएर बेच्न सक्ने निर्यात गर्न सक्ने थुप्रै वस्तुहरू हामी उत्पादन गर्न सक्छौं। जुन मैले कफी हामीले कहाँकहाँ उत्पादन गर्न सक्छौं? एउटा मात्रै दृष्टान्त दिएको हो मैले। र हामीले बाहिर निर्यात गर्न पनि सक्छौं त्यो एउटा हो। अरु धेरै उत्पादनहरू हामी गर्न गर्न सक्छौं। प्राङ्गारिक मल, जैविक मलको कुरा उठाउनु भएको छ। हामीले पटक पटक भनेका छौं। अब प्राङ्गारिक मलको कारखाना खोल्नु पर्छ। नेपाल मै प्राङ्गारिक मलको कारखाना खोल्नुपर्छ किनभने प्राङ्गारिक मललाई आवश्यक पर्ने वस्तुहरू हामीसँग प्रशस्त छ। त्यसैले गर्दाखेरि त्यतातिर पनि सरकारको ध्यान जाओस् भन्न म चाहन्छु। अर्को ऊर्जा क्षेत्रको विषयमा पनि यहाँ चर्चा गर्नु भएको छ। ऊर्जा धेरै महत्त्वपूर्ण कच्चा पद्धार्थ हो। विकासको निम्ति, समृद्धिको निम्ति ऊर्जा चाहिँ महत्त्वपूर्ण कच्चा पद्धार्थ हो। त्यसमा पनि विद्युत अझ महत्त्वपूर्ण कच्चा पदार्थ हो। विद्युतलाई हामीले खपत गर्ने कुरा आन्तरिक खपत गर्ने कुरालाई अलि बढी महत्त्व दिनु पर्छ। यद्यपि महत्त्व दिएर आएको छ। म भन्न चाहन्छु। मैले एउटा तथ्याङ्क पढेको थिए। हामीले कति विद्युत खपत गर्छौं भनेर। अरु देशहरूले कति खपत गर्छन् भनेर। एक वर्षमा हामी नेपालीहरूले जति विद्युत खपत गर्छौं नी एक वर्षमा एक जना अमेरिकीले हामी नेपालीले भन्दा ९० गुणा बढी चाहिँ विद्युत खपत गर्ने रहेछ। र एक जना चाइनिजले एक वर्षमा हामीले भन्दा १५ गुणा बढी र एक जना इण्डियनले हामीले भन्दा ४ गुणा विद्युत चाहिँ खपत गर्ने रहेछ। त्यसैले विद्युत आन्तरिक खपत बढी गर्दाखेरि हामी धनी हुन्छौ कि बिक्री गर्दाखेरि हामी धनी हुन्छौ त्यो बारेमा बहस चलाउनु जरुरी छ। जल तथा ऊर्जा आयोगले सन् २०१४ मा एउटा प्रतिवेदन सार्वजनिक गरेको रहेछ। त्यो प्रतिवेदनमा के भनिएको रहेछ भने नेपाललाई २०१४ मा हो, सन्

२०१४ मा सार्वजनिक गरेको त्यहाँ के भनिएको रहेछ भने नेपाललाई आगामी पन्ध्रदेखि बिस वर्षभित्र छब्बिस हजार मेगावाट विद्युत आवश्यक पर्छ भनेर भनिएको रहेछ। त्यसैले गर्दा त्यो अनुसारको लक्ष्यलाई meet गर्नका निम्ति त्यो अनुसार एउटा strategy बनाउने काम सरकारले गर्नै पर्दछ। म त्यस तर्फ पनि सरकारको ध्यान जान जरुरी छ भनेर भन्न चाहन्छु। त्यस्तै गरेर यहाँ startup चाहिँ व्यवसाय सञ्चालनका निम्ति भनेर startup कोष सञ्चालन गर्ने startup अभियान सञ्चालन गर्ने कुराहरू पनि आएको छ। युवाहरूलाई रोजगार दिनुपर्ने कुरालाई महत्त्वका साथ अर्थमन्त्रीज्यूले उठाउनु भएको छ। तर मेरो अनुरोध छ युवाहरूलाई रोजगार दिँदै गर्दाखेरि हामीले युवाहरूलाई रोजगार दिने, पुँजी लगानी गर्ने सोच गर्दै गर्दाखेरि निजी परिचालन जब idea बिनाको पुँजी भयो भने त्यो पुँजी निरर्थक हुन्छ। त्यो पुँजीले कुनै return दिँदैन। त्यसैले गर्दाखेरि idea सहितको पुँजी आवश्यकता पर्दछ। हामीले युवाहरूलाई idea सहितको पुँजी दिनु पर्दछ। यस तर्फ पनि म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। पर्यटकीय हिसाबले धेरै कुरा उठाउनु भएको छ। माननीय अर्थमन्त्रीज्यूले सोह्र लाख पर्यटकहरू भित्र्याउने कुरा गर्नु भएको छ र म एउटा सुझाव के दिन चाहन्छु भने त्यो मध्य पहाडी लोकमार्ग पुष्पलाल लोकमार्गमा त्यसमा चाहिँ होटलहरू, सरकारी जग्गा lease मा लिएर होटलहरू स्थापना गर्ने कुरातिर जोड दिनु भएको छ। म यो सँगसँगै के कुरा भन्छ चाहन्छु भने हिजो नेकपा एमालेले त्यहाँ एउटा केही महिना अगाडि चाहिँ एउटा यात्रा गरेको थियो। त्यो यात्राको क्रममा मध्यपहाडी लोकमार्गमा के सम्भावनाहरू छन्? कृषिको दृष्टिकोणले, पूर्वाधारको विकासको हिसाबले जडीबुटी प्रशस्त पाइन्छ त्यहाँ। त्यसलाई प्रवर्धन गर्न सकिन्छ भन्ने हिसाबले त्यहाँ collection गरेका त्यहाँ अध्ययनका क्रममा पाइएका कुराहरूलाई चाहिँ सरकारलाई पेश गरेको थियो। त्यसकारणले गर्दाखेरि त्यहाँ गर्न सक्ने विकासलाई पनि सरकारले महत्त्वका साथ ध्यान दिनुपर्छ भन्ने म सुझाव राख्न चाहन्छु। ..... (समय सकिएको)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य उदय बहादुर बोहरा। समय ९ मिनेट। यसपछि माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:०१ बजे)**<u>माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, सरकारले पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँचवटा आर्थिक सुधारका रणनीति र पाँच रूपान्तरणकारी क्षेत्रलाई प्राथमिकता राखेर अहिले अठार खर्ब साठी अर्ब तिस करोड आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गरेको छ। र यो बजेट बिगतको बजेटलाई आधार मान्दा पनि यो सन्तुलित र वस्तुवादी त आशावादी देखिन्छ। र यो प्रगतिशील

छ। बजेट म थोरै भएपनि पुँजीगत खर्च बढेको छ। र चालु खर्च घटेको छ। गतवर्ष १७.२५% पुँजीगत खर्च थियो भने यस वर्ष १८.३१% छ। र चालु खर्चमा गतवर्षमा ६५.२०% थियो भने यस वर्ष ६१.३१% छ। त्यसो भएको हुनाले यो सकारात्मक छ। र मैले अर्को कुरा यो वित्तीय व्यवस्थापनको कुराहरू यहाँ आइराखेको छ। वित्तीय व्यवस्थापन यो वर्ष बढेको छ। गत वर्ष तीन खर्ब सात अर्ब छुट्याइएको थियो भने यस वर्ष तीन खर्ब सतसट्ठी अर्ब अर्थात ६० अर्ब बढी छुट्याइएको छ गतवर्षभन्दा। यो वर्ष। त्यसोभएको हुनाले सरकारले ३०% आन्तरिक ऋण उठाउने जुन कार्यक्रम ल्याएको छ। ऋण सरकारले उठाउने ठुलो कुरो होइन। ऋण हामीले कुन शीर्षकमा खर्च गर्छौं भन्ने महत्त्वपूर्ण कुरा हो भन्ने मलाई लाग्छ। र ऋण उत्पादन, रोजगार निर्माण र पुँजी निर्माणमा खर्च हुन्छ कि हुँदैन? यो भन्दा अगाडिका माननीयज्यूले पनि भन्नुभयो। यहाँ पुँजीगत खर्च गत वर्ष पनि चाहिनी जति हुनुपर्ने हो त्यति भएन। यो वर्ष पनि मलाई लाग्छ हुन्छ कि हुँदैन शङ्का चाहिँ छ। त्यसो भएको हुनाले पुँजीगत खर्च जबसम्म हुँदैन तबसम्म विकास निर्माणका कामहरू कसरी अगाडि बढ्छन? र जनताले विश्वास कसरी गर्ने?

(१४:०४ बजे)**पीठासीनः** माननीय उपाध्यक्ष श्री विमला घिमिरे।

**माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- त्यसो भएको हुनाले पुँजीगत खर्च के कति कारणले खर्च हुन सक्दैन? त्यो यथार्थमा यसको समीक्षा भएर चाहिँ बजेटमा आउनु पर्दछ भन्ने मेरो अनुरोध छ। अर्को यो जुन राजस्व सङ्कलनको कुरा हो। गत वर्ष दश खर्ब बयालिस अर्ब उठेको छ। यसवर्ष बाह्र खर्ब चाठी अर्ब सङ्कलनको लक्ष्य रहेको छ। यो ठुलो होइन। यसलाई महत्वाकाङ्क्षा मात्र सकिँदैन। मलाई लाग्छ सरकारले अहिलेसम्मको अवस्था हेर्दाखेरि यो उठाउन सक्छ होला।

सम्माननीय अध्यक्षज्यू, सरकारले केही महत्त्वपूर्ण कार्यक्रमहरू बजेटमार्फत ल्याएको छ। जुन असाध्यै स्वागत योग्य छन्। मैले अगाडि पनि भनिसकें। र यसमा केही महत्त्वपूर्ण जुन नेपालीहरूलाई अलि बढी प्रतिक्षा थियो। घरेलु मदिरा उत्पादन र ब्राण्डिङ्ग र बजारीकरण। बहुउपयोगी औषधिजन्य गाँजा खेती र यसलाई वैधानिकता प्रदान गर्दै कानुनीरूपमा मान्यता दिने भन्ने जुन सरकारले नीति ल्याएको छ। मलाई लाग्छ यो पक्कै पनि यसले रोजगारी सिर्जना गर्छ। र अर्को सूचना प्रविधिको विकास गर्दै ज्ञान पार्कहरूको स्थापना गर्ने भनेको छ। जसले प्रत्यक्ष र अप्रत्यक्ष रुपबाट पन्ध्र लाख युवाहरूलाई रोजगारी सिर्जना गर्ने यसको लक्ष्य रहेको छ। यो स्वागतयोग्य छ। र त्यस्तै सोह्र लाख पर्यटक मुलुकमा भित्र्याउने जुन योजना आएको छ। लक्ष्य

रहेको यो असाध्यै स्वागतयोग्य छ। तर यसलाई यसको व्यवस्थापन कसरी गर्ने? व्यवस्थापनमा चुनौती छ। र यो पाँच अर्ब बजेट त छुट्याइएको छ व्यवस्थापनको लागि। मलाई लाग्छ यो पर्याप्त हुँदैन। यसमा सरकारको ध्यान जाओस् सम्माननीय अध्यक्षज्यू, मैले बजेट जनमुखी र प्रगतिशील छ भन्दै गर्दा केही मेरा सुझावहरू छन्। संविधानको मूल अन्तरवस्तु सङ्घीयता कार्यान्वयन हो। मभन्दा अगाडिका माननीयज्यूहरूले पनि राख्नुभा'छ। सङ्घीयता सबलीकरणसम्बन्धी यो कार्यक्रम आएको छ। र मैले भन्न खोजेको कुरो कहाँनिर हो भन्नुहुन्छ भने देखिलाई पुराना ३५० भन्दा बढी ऐनहरू अहिले पनि बहालमा छन्। जुन ऐन सङ्घीयताका लागि बाधक छन्। त्यो ऐन राज्यको पुनर्संरचना सँगसँगै कि त्यो खारेज हुनु पर्थ्यो। कि संशोधन हुनु पर्थ्यो र नयाँ ऐन बन्न पर्थ्यो। त्यो बनिरहेको अवस्था छैन। उदाहरणको लागि हामीले शिक्षा ऐनलाई हेर्न सक्छौं। त्यसो भएको हुनाले त्यस्ता ऐन धेरै छन्। जुन ऐनले हाम्रो सङ्घीयतालाई समस्या पारेका छन्। त्यो भएको हुनाले यसमा अलि ध्यान चाहिँ जाओस् भन्ने म अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यो कृषि लगानी दशक यो कृषि लगानी दशक स्वागतयोग्य कुरा छ। तर मैले यति भन्दै गर्दाखेरि उत्पादन लागत कम गर्न कृषि यान्त्रिकीकरण आवश्यक पूर्वसर्त हो। तर हामीले एउटा मात्र कृषि औजार कारखाना त्यसले हामीलाई गिज्याइरहेको छ। र एकजना वैज्ञानिकले आफ्नो जीवन माथि किताब लेखेर, किताब बेचेर कृषि औजार कारखानालाई मर्मत गरिरहेका छन्। त्यसकारण हाम्रो यतातिर ध्यान किन गइराखेको छैन? त्यस्तै उखु खेती प्रवर्धनको लागि सरकारले बजेट छुट्याएको छ। यो स्वागतयोग्य छ। तर त्यो सँगै त्यही विषयसँग सटेको चिनी कारखाना जुन हजारौं मजदूरहरू अलपत्र छन्। हामी रोजगारीको कुरा गरिरहँदा त्यो विषय किन यहाँ उठान भएको छैन। त्यसो भएको हुनाले हामीले यस्ता उद्योग धन्दाहरूलाई रुग्ण उद्योग धन्दा कलकारखानालाई मात्रै एउटा डालोमा हालेर हुँदैन। specific गर्न पर्‍यो। के हामीले कुन आजैको मितिदेखि कतिवटा रुग्ण उद्योगहरूलाई हामीले सुरु गर्ने। त्यसलाई सुचारु गर्ने। त्यसो भएको हुनाले यो प्रतिबद्धता सरकारको चाहिन्छ। त्यसो भएको हुनाले म यो कुरालाई ध्यान दिन म सरकारलाई ध्यान केन्द्रित गर्न चाहन्छु सम्माननीय अध्यक्षज्यूमार्फत। र अर्को यो ऊर्जाको कुरा ऊर्जा क्षेत्र साँच्चिकै हामीले उत्पादन गर्छौं। उत्पादन गरेर मात्र भएन। अघि नै एकजना माननीयज्यूले पनि यहाँ कुरा राख्नुभा'छ। हामीले ऊर्जा उत्पादन गर्ने, बेच्ने, तीन खर्बको तेल आयात गरेर चाहिँ नेपालमा चलाउने यसले मात्रै हुँदैन। कुनै पनि देशको गार्हस्थ्य कुल, उसको गार्हस्थ्य उत्पादन के कति छ भन्नको लागि त्यो मुलुकमा Per Capita ऊर्जा कति खपत हुन्छ? त्यसले पनि निर्धारण गर्दो रहेछ। दक्षिण एसियामा हामी Per Capita सबैभन्दा कम ऊर्जा खपत गर्नेमा हाम्रो देश पर्छ। हामी भन्दा भुटान नै धेरै अगाडि छ। हामी Per Capita ३०० युनिट मात्रै

खपत गर्छौं। इण्डिया बाह्रदेखि कति चौध सय युनिट छ। बङ्गलादेश पाँच सय छ। त्यसो भएको हुनाले यसमा ऊर्जा उत्पादन मात्रै होइन। ऊर्जा खपत हामीले अब यहाँ चाहिँ कति गर्छौं भन्नेलाई महत्त्व राख्छौं र त्यसो भएको हुनाले ऊर्जा खपत गर्नको लागि स-साना घरेलु उद्योगहरू कलकारखानाहरू यसलाई चलायमान गराउन जरुरी छ। र यतातिर सरकारको ध्यान जाओस् भन्दै अन्तिममा म यो बजेटको केही सुझाव चाहिँ मैले समर्थन गरें। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गंगा कुमारी बेलबासे। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१४:१० बजे)**माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्री वर्षमान पुनले ल्याउनु भएको आर्थिक वर्ष २०८१।०८२ को बजेटको म पूर्ण समर्थन गर्न चाहन्छु। बजेटको निम्न विशेषताहरू रहेका छन्।

आत्मविश्वास जगाउने, आशावादी बनाउने बजेट रहेको छ। "समृद्ध नेपाल सुखी नेपाली" बनाउनको लागि यसले लक्ष्यहरू निर्धारण गरेको छ। २०८१।०८२ लाई आर्थिक सुधारको वर्ष भनेर घोषणा गरिएको छ। र सुशासन, सामाजिक न्याय र समृद्धितिर यसलाई लैजानका लागि संविधानमा व्यवस्था गरिएको सामाजिक, समाजवादी राष्ट्र निर्माण गर्न सामाजिक विशेषतासहितको यो बजेट आएको छ। बजेट नेपालको संविधानलाई हेरेर त्यसमा भएको व्यवस्था पन्ध्रौं योजनाको समीक्षा सोह्रौं योजनाले किटान गरेका लक्ष्यहरू र सबै क्षेत्र तहलाई सम्बोधन गर्दै अनुगमन गर्दै यसमा निर्धारण गरिएको छ। त्यसैले यो विश्वासिलो बजेटको रूपमा पनि आएको छ। आत्मविश्वासका साथ बजेट प्रस्तुत गर्नु भएको छ र यसमा कार्यान्वयन गर्ने दृढता, अठोट, तत्परता, बजेटलाई सफल पार्नका लागि चाहिने एउटा स्रोत हो। त्यो जुटाउन हामी सबै लाग्नुपर्छ, सबै मन्त्रालयहरूले आ-आफ्नो मन्त्रालयलाई कसरी व्यवस्थित गर्ने? सरकारी बेरुजुबाट घटाउने र कसरी आर्थिक सङ्कटलाई हल गर्ने भन्ने कुरामा सबैले ध्यान दिन जरुरी छ। गणतन्त्र नेपाल स्थापना भएपछिको थुप्रै सकारात्मक सुचकाङ्कहरू देखा परेका छन्। यो हाम्रो एउटा राम्रो पक्ष हो। मान्छेको आयुमै दश वर्ष प्लस भएको छ। स्वास्थ्यमा राम्रो प्रगति गरेका छौं। र निरपेक्ष गरिबीको रेखाबाट हामी १०% ले तल झरेका छौं। घटाएका छौं निरपेक्ष गरिबी। यसरी हेर्दाखेरि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकरूपमा हामीले एउटा मनोवल उठाएका छौं। सहभागिता बढाएका छौं। र हरेक क्षेत्रमा हामीले प्रगति गरेका सुचकाङ्कहरू हामी कहाँ छन्। हामी कहाँ यतिबेला आर्थिक सङ्कट भनिराख्दाखेरि पनि मुद्रा सञ्चिति केही बढेको छ। र बजेटले पाँच उद्देश्यहरू

तय गरेको छ। पाँच प्राथमिकताहरू छुट्याएको छ। र सङ्घीयतालाई सबलीकरण गर्नको लागि समानीकरण अनुदान, ससर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदानलाई विभिन्न प्रदेश र स्थानीय तहमा बाँडफाँड गरिएको छ। कृषिमा लगानी दशक घोषणा गरिएको छ। र विषादी कृषिलाई चाहिने मल, प्राङ्गारिक मलमा जोड दिइएको छ। जैविक मलमा जोड दिएको छ। र रासायनिक मल ल्याउनको लागि पनि बजेटको व्यवस्था गरिएको छ। सिँचाइ स्यालो ट्युबवेल, लिफ्ट, कुलो, नहरको न्यूनतम व्यवस्था गर्दै अगाडि बढेको देखिन्छ। बिउ, मल, उत्पादन, बिउ मल उत्पादन र वितरणमा जोड दिइएको छ। यस्तै गरेर सङ्कलन, प्रशोधन र निर्यातमा जोड दिइएको छ। ब्याज, अनुदान, प्रविधि, सहयोग मेसिनरी आयातमा कर छुट गरिएको छ। मौसमी अन्न र फलफूलमा अनुदानको व्यवस्था गरिएको छ। Eco City, Eco Hill र Eco पालिका निर्माण गर्नका लागि अझै जोड दिनुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। कला क्षेत्रमा काष्ठ कला, प्रस्तर कलामा जोड दिनुपर्छ। हामीसँग त्यो क्षमता छ र हामी विदेशीहरूलाई त्यस्ता सामानहरूको यो चाहिँ उपहारहरू दिनका लागि हामीले त्यो व्यवस्था गर्नु पर्छ भन्ने कुरामा म जोड दिन चाहन्छु। निजगढदेखि ढल्केवरसम्म गलैंचा भनेको यो अलि बुझिएन। यसलाई प्रस्ट पार्नका लागि पनि म अनुरोध गर्दछु। औद्योगिक क्षेत्र नयाँ निर्धारण गरिएको छ। र पुरानोलाई सञ्चालन गर्ने एउटा प्रतिबद्धता जाहेर गरिएको छ। यो राम्रो कुरा छ। स्टार्टअप र स्टार्टअप बोर्ड गठन गर्ने भनेर भनेको छ। यसलाई लागु गर्नको लागि म अनुरोध गर्दछु। महिला उद्यमीलाई प्रोत्साहन गरिएको छ। छोरी आत्मनिर्भर कार्यक्रम ल्याइएको छ। र युवा महिलालाई महिला सम्मेलन यो वर्षमा आगामी वर्षमा गरिने छ भनेर भनिएको छ। यसले युवा महिलाहरूलाई आत्मनिर्भर हुन, आर्थिक उत्पादन गर्न जोड दिनेछ भन्ने कुराहरू म राख्न चाहन्छु। घरेलु मदिरालाई ब्राण्डिङ्ग गर्ने र यसमा कानुनको आवश्यकता छ। कानुन ल्याउने कुरा प्रतिबद्धता जाहेर गरिएको छ। औषधीय प्रयोजनको लागि गाँजाको व्यावसायिक उत्पादन बढाउनको कुरामा जोड दिइएको छ। यसको बहुआयामिक प्रयोग हुनेछ भन्ने कुराहरूमा म विश्वास राख्न चाहन्छु। यस्तै गरेर राष्ट्रिय निकुञ्ज ऐन, वन ऐनलाई संशोधन नगरीकन हामीले गौरवका योजनाहरू पूरा गर्न सक्दैनौं। त्यसो गर्दाखेरि कानुन निर्माणमा, नीति निर्माणमा र नियमावली निर्माणमा सुरु दिन देखि नै यसमा ध्यान दिइनु पर्नेछ र दिइनेछ भन्ने कुराहरू म राख्न चाहन्छु। हुलाक सेवालाई पुनर्संरचना गरी विद्युतीय व्यापारको हब बनाइनेछ भन्ने कुरा, राम्रो कुरा छ। डिजिटल प्लेटफर्मको प्रयोगलाई मर्यादित बनाउनुपर्ने भन्ने कुरा आएको छ। यो राम्रो कुरा छ। नेपाली संस्कृतिको जगेर्ना, दर्शन, साहित्यको संरक्षण गर्ने कुराहरू राम्रो कुरा छ। कफी, अलैची चिया र हिमालयन वाटरको ब्राण्डिङ्ग गर्ने कुरा आइसकेको छ। यो गर्नु पर्ने र गर्ने राम्रो कुरा छ। कालो बजारी सिण्डिकेट, कार्टेलिङ्ग जस्ता गैरकानुनी क्रियाकलापहरू नियन्त्रण गर्नका लागि सडकमा खटाइएका ट्राफिक फोर्सलाई, एउटा फोर्स गठन गरेर त्यता लगाइयोस् र

सडक बत्तीको व्यवस्था गरेर सडकलाई डिजिटल प्रविधिमा लगियोस् भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर भूमिहीनलाई भूमिहीन दलित सुकुम्बासीलाई जग्गा दिने कुरा राम्रो कुरा छ। यो पाँच लाख परिवारलाई लालपूर्जा दिने कुरा आएको छ। पाँच लाखसम्मको यो सहकारी पीडितहरूको रकम फिर्ता गर्ने कुरा आएको छ। निम्न परिवारहरूलाई त्यो सहयोग फिर्ता गर्ने कुराले राम्रो गरेको छ। फुसको छाना हटाउने नीति राम्रो छ। शान्ति प्रक्रियाको बाँकी कामहरूलाई टुङ्ग्याउने कुरा आएको छ। यो राम्रो कुरा छ। एसिड, करेन्ट, आगजनी, डढेलोमा परेर पीडित हुनेहरूलाई ५०% सम्मको घाउचोट जाँच गरेर एक लाखको क्षतिपूर्ति व्यवस्था गरियोस् भन्ने माग गर्न चाहन्छु। यस्तै गरेर राम्रा कुराहरूको समर्थन गर्दै आफ्ना भनाइलाई यहीं अन्त्य गर्न चाहन्छु। हवस् त धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य किरण बाबु श्रेष्ठ। समय ८ मिनेट। यसपछि माननीय सदस्य इन्दिरा देवी गौतम।

**(१४:१९ बजे)<u>माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यूहरू राष्ट्रिय सभाको सदस्यको हैसियतले पहिलो पल्ट यो रोष्टममा उभिएर बजेट २०८१।०८२ को विषयमा समीक्षा गर्न उभिँदै गर्दा आज म अब कहाँबाट सुरु गरौं भन्ने लागि राखेको छ। सत्ता पक्षले बजेटको सधै स्वागत र समर्थन गर्ने, प्रतिपक्षले यसको आलोचना र विमति जनाउनेको परम्परागत शैली। मलाई लाग्छ अहिले पनि हामीले जति आलोचना गरेपनि यसलाई सकारात्मक सुझावको रूपमा नलिईकन सत्ता पक्षको बहुमतले करतल ध्वनीका साथ यो पास हुन्छ। त्यो हामीलाई थाहा छ। त्यसमा कुनै शङ्का छैन। तथापि बजेटले पार्ने प्रभाव र भोलिका दिनमा जनताको पक्षमा काम गर्न केही मार्ग निर्देश हुन सक्छ भन्ने ठानेर आफ्ना केही टिप्पणीहरू यहाँहरू समक्ष म राख्न चाहन्छु।

मुलुक अहिले परिवर्तन र प्रगतिको चुनौतीमा छ। हामीले राजनीतिक परिवर्तन गर्यौं धेरै वटा। २००७ देखि आज २०६२।०६३ सम्म आउँदा धेरै राजनीतिक परिवर्तन गर्‍यौं। अब बाँकी छ आर्थिक परिवर्तन, सामाजिक परिवर्तन र मुलुकको विकास। अब यसतर्फ जनतालाई सुखी कसरी बनाउन सकिन्छ? जनतालाई समृद्ध रुपबाट अगाडि कसरी बढाउन सकिन्छ? त्यसतर्फ आज मुलुक गएको देखिँदैन। सत्ता राजनीतिले यो मुलुकलाई प्रयोगशालाको रूपमा परिणत भएको छ। अब त्यतातिर नगईकन हामीले नजरअन्दाज गरे भनेपनि वर्तमान गठबन्धनको सरकारले साझा कार्यक्रम ल्याउँदा केही प्रतिबद्धताहरू व्यक्त गरेका थिए। समाजवाद-उन्मुख कार्यव्यवस्था,

राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहितको "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। तर सरकारको अहिलेको गतिबिधि हेर्दा यी सबै सस्तो लोकप्रियता हो कि भन्ने भान भएको छ। यसै सन्दर्भमा २०८१।०८२ को बजेटको रूप हेर्दा त झन् पुरानो बोतलमा नयाँ रक्सी नै भरेको हो कि भन्ने पनि अर्को देखिएको आफूलाई त्यो भान हुन्छ। हामी त प्रतिपक्षमै बसेकाले हाम्रो अलिकति फरक सोच हुन सक्छ। तर सत्तापक्षकै प्रमुख नेताले सार्वजनिक अभिव्यक्ति दिंदा यो बजेट अर्थमन्त्रीको मात्रै हो कि? अर्थमन्त्रीको पार्टीको मात्र हो? त्यो बुझ्न सकिएन भनेर भन्नु भएको सार्वजनिक भनाइ हामीले सुन्दा तस्विर आफैं बोल्छ। यथार्थ चित्रण त्यही भएको हुन्छ भन्ने मलाई लाग्छ। अब म समय छोटो छ। छोटकरीमा बजेटको सन्दर्भमा सङ्क्षिप्त समीक्षा गर्न चाहन्छु। २०८० फागुन १४ गते माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले विनियोजन विधेयक, २०८१ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेर सदनलाई बजेटका बारेमा बिस्तारमा छलफल गरेर पर्याप्त समय उपलब्ध गराउनु भएको थियो। बिगतमा सिद्धान्त र प्राथमिकता एकदम अन्तिम समयमा आएर प्रस्तुत हुने सदनमा पर्याप्त छलफल हुने नहुने समय उपलब्ध हुँदैन थियो। जनताका प्रतिनिधिबाट पर्याप्त सुझाव लिने गरी नयाँ अभ्यास थाल्नुभएको निकै प्रशंसनीय कार्य हो भन्ने मलाई लाग्छ। माननीय अर्थमन्त्रीबाट दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत बजेट र यस बजेटमा प्रस्तुत सिद्धान्त र प्राथमिकता जसलाई बजेटको आधारवस्तुको रूपमा लिने गरिन्छ। यो त्यसको पालना भयो कि भएन भनेर दाँजेर हेर्दा बजेटले आफैं प्रस्तुत गरेको प्राथमिकता कायम राख्न सकेको देखिँदैन। मूलतः प्राथमिकतामा बमोजिम बजेट प्रबन्ध गर्न सकेको छैन भने प्राथमिकता एकातिर बजेट प्रबन्ध अर्कोतिर देखिन्छ। देशको अर्थतन्त्रलाई नियाल्दा बजेटको आकार पनि ठुलो छ। बाह्र खर्ब साठी अर्ब आन्तरिक राजस्व उठाउने भनिएको छ। अहिलेको मन्दीमा त्यो लक्ष्य हासिल हुने सम्भावना नै छैन। चालु वर्षको राजस्व लक्ष्यको जम्मा ६१.२१% मात्र रहेको अवस्थामा अर्को वर्ष लक्षित राजस्व उठ्छ भनेर विश्वास गर्ने कुनै आधार देखिँदैन। प्रस्तुत बजेटमा ऋण पाँच खर्ब सत्चालिस अर्ब उठाउने भनिएको छ। जसमा तीन खर्ब तीन अर्ब आन्तरिक ऋण लिने भनिएको छ। यसले एकातिर ऋणको भार मुलुकले धान्नै नसक्ने गरी बढ्ने छ भने अर्कोतर्फ आन्तरिक ऋण त्यति ठुलो मात्रामा लिँदा बजारमा निजी क्षेत्रको लागि पुँजीको अभाव भई मुलुकमा झन् आर्थिक सङ्कट गहिरो बन्दै जानेछ। उत्पादन र रोजगारी घट्नेछन्। राजस्व परिचालनको अस्वाभाविक प्रतिबद्धताले ठुलो मात्रामा ऋण उठाउनु पर्ने हुन जान्छ। यसको सङ्केत भनेको बजेट सामर्थ्य भन्दा ठुलो र झन् आर्थिक सङ्कट गहिराउने दिशातर्फ उद्दत छ। बजेटमा वित्तीय व्यवस्थातर्फ तीन खर्ब सत्सठ्ठी अर्ब अठ्ठाइस करोड अर्थात १९.४७% र पुँजीगततर्फ तीन खर्ब बाउन्न अर्ब पैंतिस करोड अर्थात १८.९४% विनियोजन गरिएको छ। एकातिर कुल बजेटमा पुँजीगततर्फ जम्मा १८.९४%

विनियोजन हुनु र सो बजेट पनि दुई तिहाई मात्र खर्च हुने अवस्था रहँदा सबा दुई खर्ब वरिपरि मात्र पुँजीगत खर्चले देशको समृद्धिको चाहना कहिल्यै पूरा हुने अवस्था छैन। अर्कोतर्फ गम्भीर विषय पुँजीगतभन्दा वित्तीय व्यवस्थाको लागि बढी बजेट छुट्याउनु पर्ने बाध्यताले नेपाली अर्थतन्त्र क्रमशः सङ्कटग्रस्त बन्दै गएको प्रस्ट देखिन्छ। यसलाई समयमा सुधार गर्न, नगर्ने हो भने नेपाल ऋणको पासो debt trap मा नपस्ला भन्न सकिँदैन। पुँजीगत बजेट तथा खर्च क्षमता बढाउने र वित्तीयतर्फको खर्च घटाउन बजेटले प्रयत्न गरेको देखिएन। देशको राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी जलविद्युत आयोजना जुन हाम्रो गोर्खामा चुनाव लड्दा प्रधानमन्त्रीले बारम्बार यसलाई चाहिँ सुरु गर्छु भन्नु भएको थियो। त्यो अहिले खालि देखाउने दाँत मात्र भएको छ। त्यस तै बन्द भएको गोर्खा कै गोरखाली रबर उद्योग पनि अहिले सञ्चालन गर्ने भनिएको छ। त्यसको खास स्पष्ट आँकडा र आधार पनि देखिएको छैन। यसै गरेर सङ्घले तीन करोडभन्दा कमको योजना कार्यान्वयन नगर्ने भनिएको थियो तर आफैंले पारित गरेको मापदण्ड विपरित टुक्रे योजना सङ्घले कार्यान्वयन नगर्ने व्यवस्था मिलाएको छ, सङ्घले नै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ। समय छोटो छ त्यसकारण म अन्त्यमा यति मात्रै भन्न चाहन्छु कि माननीय अर्थमन्त्रीज्यूलाई एउटा भनाइलाई आत्मसात् गर्ने सुझावसहित मेरो समीक्षाको अन्त्य गर्न चाहन्छु। No life without dream, no dream without action, no action without emotion, यदि कुनै व्यक्तिमा सपना छैन भने व्यर्थ छ। सपना छ तर सपनातर्फ डोर्याउने सक्रियता छैन भने सपना देख्नुको अर्थ हुँदैन। सपना छ, त्यसलाई प्राप्त गर्ने क्रियाकलाप पनि छ तर झारो टार्ने, आलटाल गरेर त्यो क्रियाकलापको पूर्णरूपमा समर्पित भएको छैन भने त्यस्तो क्रियाकलापले सुखद् लक्ष्य हासिल गराउँदैन। सबै थोक समाप्त हुँदा पनि एउटा चिज बाँकी रहन्छ। त्यो हो भविष्य। भविष्यले आशा दिन्छ र दिन्छ बाँच्ने हिम्मत। अहिले जेजस्तो भएपनि भविष्यमा राम्रो हुनेछ भन्ने आशाका साथ मेरो सानो बजेट समीक्षा यहीँ अन्त्य गर्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य इन्दिरा देवी गौतम। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य घनश्याम रिजाल।

(१४:२८ बजे)**माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, माननीय अर्थमन्त्रीज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को वार्षिक बजेटका सम्बन्धमा म आफ्ना विचार राख्न चाहन्छु। आर्थिक सङ्कटबाट गुज्रिएको देशलाई समृद्धितर्फ डोर्याउने र जनतामा विश्वासको, विश्वासिलो, भरपर्दो आशा जगाउने किसिमको बजेट हुनुपर्दछ भन्ने हाम्रो

मान्यता रहिआएको छ। सो अनुसार पन्ध्रौं योजनाको प्रतिफल सूचकाङ्कको समीक्षा गरी अबको सोह्रौं योजनामा आधारित भई दिगो, समावेशी, आत्मनिर्भर अनुरूपको बजेटमा लगानीको सुनिश्चितता भयो भने मात्र हामी लक्ष्यमा पुग्न सक्दछौं। पाँच राजनीतिक दलको न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्पको समेत स्मरण गर्दै त्यसमा उल्लिखित संविधानको मर्म र भावना विपरीत राज्य सञ्चालनमा प्रकट विचलन रोक्ने र सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न विगतमा जस्तो आर्थिक शिथिलता, दण्डहीनता, व्यावसायिक निराशालाई चिर्दै जनतामा राज्यप्रति आशा र भरोसा जगाउने राष्ट्रिय आवश्यकता र चाहना अनुरूप समाजवाद उन्मुख आर्थिक सामाजिक रूपान्तरणसहित अन्य धेरै विषयहरूमा साझा सङ्कल्प गरिएको छ। त्यसको कार्यन्वयनको पूर्णताको सुनिश्चितता हुने गरी बजेटमा व्यवस्था गरिनु पर्दछ।

अध्यक्ष महोदय, यस बजेटले अर्थतन्त्रका समग्र चुनौतीहरूलाई र तिनलाई समेट्ने प्रयास गरेको छ। बजेट आउनु भन्दा अघिको चर्चा जस्तो ठुलो आकारको र वितरणमुखी बजेट आउने जस्तो नभएर राष्ट्रिय साधन स्रोत र क्षमतालाई मध्यनजर गर्दै केही हदसम्म यथार्थतालाई आत्मसात् गर्दै सम्भव, यथार्थपरक र सन्तुलित बनाउन कोसिस गर्नुका साथै विगतको निरन्तरता, केही नयाँपनसहितको सम्मिश्रणको प्रयास गरेजस्तो बजेट आएको छ। समग्रमा बजेटले अर्थतन्त्रलाई चलायमान गराउन सक्ने सम्भावना देखाएको छ। जनताको निराशा चिर्न केही हदसम्म सक्छ भन्ने आशा राख्ने ठाउँ दिएको छ। हाम्रो समस्या भनेको बजेट प्रस्तुत गर्ने भन्दा पनि कार्यान्वयन पक्षको हो। यस अर्थ बजेटले समेटेका विषयहरूलाई व्यवहारमा कार्यान्वयन गर्न सक्दा मात्र यसको सफलता देखिन्छ। तसर्थ कार्यान्वयन सफल बनाउनेतर्फ सरकारको ध्यान जान जरुरी छ। सम्माननीय अध्यक्ष महोदय, राजनीतिक स्थायित्वमा मात्र नीतिगत निरन्तरता, सुनिश्चितता हुने हुँदा राजनीतिक स्थायित्वको कायम गर्दै सुशासन, विकास र सामाजिक न्यायसहित "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने विषयहरू यस बजेटले समेट्न खोजेको देखिन्छ। त्यति हुँदा हुँदै पनि केही पक्षमा बजेटले स्पष्ट सम्बोधन गर्न नसकेका केही पक्षलाई यहाँ उल्लेख गर्न चाहन्छु।

बजेटले उत्पादन, उत्पादकत्व, रोजगारी वृद्धिलाई प्राथमिकता दिएको छ। तर यसको कार्यान्वयन कसरी हुन्छ भन्ने कुरा बजेटमा स्पष्ट हुनुपर्ने तर स्पष्ट भएको देखिएन। पुँजीगत खर्च वृद्धि गर्ने र असारको अन्त्यमा मात्र खर्च हुने प्रवृत्तिमा सुधार गरी प्रथम चौमासिकदेखि नै खर्च हुने व्यवस्था गरिएमा मात्र अर्थतन्त्र चलायमान हुने हुँदा सरकारको यसतर्फ ध्यान जान जरुरी छ। विनियोजित वार्षिक बजेटमा एकातिर पुँजीगत खर्च हुन नसक्ने वर्तमान अवस्थालाई नीतिगत व्यवस्था गरी सुधारको प्रयत्न गरिएला भन्ने आशा निराशामा परिणत भएको छ। विगतमा विनियोजित बजेटको

दुई तिहाई विकास खर्च र एक तिहाई साधारण खर्च हुने प्रवृत्ति वर्तमान अवस्थामा आइपुग्दा ठिक उल्टो भएको छ। र यो बजेट प्रणाली कै कमजोरीको सङ्केत मान्न सकिन्छ कि? बजेट ल्याउँदा ठुलो आकारको ल्याउने पछि मध्यावधि मूल्याङ्कनको नाममा एक तिहाई बजेट घटाउने र घटेपछिको रकमको पनि ८०% मात्र खर्च हुने गरेको देखिन्छ। यसरी लक्ष्य पूरा गर्न नसक्ने गरी बजेट ल्याउनु भन्दा यथार्थपरक बजेट ल्याएमा खर्चको प्रतिशत बढ्ने थियो जसको कारण विकास साझेदार र लगानीकर्ताले विश्वास गर्ने वातावरण बन्ने थियो।

अध्यक्ष महोदय, बाह्र खर्ब साठी अर्बको राजस्व उठाउने लक्ष्यलाई महत्वाकाङ्क्षी नै त भन्न सकिंदैन। तर राजस्व चुहावट नक्कली बीजक भन्सार नाकाबाट बाहिर हुने चोरी पैठारी लगायतको नियन्त्रण गर्न नसकेमा पूर्व अनुमानित राजस्वको लक्ष्य हासिल हुने सम्भावना कम देखिन्छ। आगामी दशक कृषिमा लगानी दशकको रूपमा मनाउन नीतिगत व्यवस्थामा जोड दिइनु सकारात्मक भए पनि लगानी कसरी बढाउने भन्ने स्पष्ट नहुनु, कृषिमा विनियोजित बजेट आर्थिक वर्ष २०८०।०८१ को भन्दा कम हुनुले कतै यो नारामा मात्र सीमित त हुने होइन भन्ने आशंका पनि व्यक्त गर्न सक्ने स्थिति रहेको छ । कृषि क्षेत्रलाई प्राथमिकता दिनु स्वागतयोग्य भए पनि सार्क नमुना परियोजनालाई सहज रूपमा मल, बीउ, सिँचाइ, प्राविधिक सेवा, सहुलियतपूर्ण कर्जा एवं बीमा प्रिमियममा छुट दिने भनिएको छ । सार्क परियोजनाले मात्रै देशको कृषि विकास सम्भव नहुने हुँदा निजी क्षेत्रको संलग्नतामा अझ ठुला साना किसानलाई समेत प्रवर्धन गर्नु पर्दछ । बजेटमा स्पष्टता देखिएन। त्यसतर्फपनि विचार गर्नु पर्दछ। साथै किसानले सास्ती खेप्नुपर्ने र कृषि पेशाबाट सन्तोषजनक प्रतिफल नआउने अवस्थाको अन्त्य गर्ने गरी कार्यान्वयनमा जानु पर्दछ।

पर्यटन क्षेत्रको विस्तारको लागि बुद्ध परिपथ, शिव परिपथ, रामायण परिपथ, किराँत संस्कृति परिपथको अवधारणा ल्याएको छ। तर ती पथहरू कहिले, कसरी बनाइने र बजेट सुनिश्चितताका सम्बन्धमा प्रस्तुत बजेट मौन देखिन्छ। यस सम्बन्धमा बजेटको स्पष्टता हुनु पर्दछ। निरपेक्ष रूपमा सबैलाई वितरण हुँदै आएको सामाजिक सुरक्षा खर्च लक्षित समूहलाई मात्र वितरण गर्ने गरी नीतिगत सुधार आउनुपर्ने थियो। प्रस्तुत बजेटले यसतर्फ सम्बोधन गरेको पाइएन। आगामी वर्षदेखि सूचना प्रविधि दशक घोषणाका साथै बजेटको प्राथमिकतामा राखिएको भए पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बजेट आगामी आर्थिक वर्ष ०८०।०८१ को भन्दा आगामी वर्ष कमा विनियोजन हुनुले सूचना प्रविधिमा अपेक्षित उपलब्धि हासिल गर्न सकिन्छ भनी विश्वास गर्ने ठाउँ कमै देखिन्छ । बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने राष्ट्र सेवक कर्मचारी र विदेशमा समेत नेपालको नाम उँचो बनाउने खेलाडी पेशाकर्मीलाई यो बजेटले सम्बोधन गर्न सकेको देखिँदैन। महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि विनियोजित बजेटले देशको जनसङ्ख्याको आधाभन्दा बढी

सङ्ख्या ओगटेको महिला लक्षित योजनाहरू सम्बोधन होला विश्वास गर्ने आधार बजेटले दिन सकेको छैन। यो बजेट समग्रमा भन्नुपर्दा चित्त बुझाउन सकिने नै बजेट छ। सामान्य स्पष्ट पार्ने केही विषय र केही ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य घनश्याम रिजाल। समय ८ मिनेट। त्यसपछाडि माननीय सदस्य जित जंग बस्नेत।

(१४ः३६ बजे)**<u>माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारका अर्थमन्त्री माननीय वर्षमान पुनद्वारा प्रस्तुत प्रस्तुत आर्थिक वर्ष २०८१।०८२ को बजेटको सन्दर्भमा हामी यहाँ छलफल गरिरहेका छौं। अध्यक्ष महोदय, यस वर्षका बजेटमा उद्देश्य प्राथमिकता र रूपान्तरणकारी क्षेत्रहरूमा जे जति कार्यक्रमहरू विनियोजन गरेको छ महत्त्वका साथ । ती सबै कार्यक्रमहरू यसो सरसर्ती हेर्दाखेरि यो बजेट राम्रो छ। यसलाई म समर्थन गर्न चाहन्छु। तर यो बजेटको कार्यान्वयनको सन्दर्भमा भन्ने हो भने यो बजेटको, कुल बजेटको अघिनै यहाँ धेरै छलफल भइसक्यो, १८.९४% मात्रै पुँजीगत खर्च भनेर हामीले छुट्याएका छौं। त्यसमा पनि विगतको इतिहास हेर्दाखेरि हामीले ५०% भन्दा धेरै पुँजीगत खर्च गर्न नसकेको स्थिति छ। यस्तो अवस्थामा हामीले लक्ष्य लिएको ६% को आर्थिक वृद्धिदर हासिल गर्नका लागि यो अलि मिलेको छैन भन्ने मलाई लागेको छ। त्यसमा पनि हामीले हाम्रो बजेटमा राखेको झण्डै झण्डै चार खर्ब छैहत्तर अर्ब झण्डै झण्डै २०% रकम हुन आउँछ। यत्रो रकम चाहिनी हामीले आन्तरिक तथा बाह्य ऋणबाट पूरा गर्ने भनेका छौं। यो पनि त्यति सफल हुन्छ जस्तो मलाई लाग्दैन किन कि हामीले बाह्य ऋण र आन्तरिक ऋणबाट यत्रो पैसा लिँदै गर्दा यदि आन्तरिक ऋणबाट लिने हो भने नेपालका सबै वाणिज्य बैङ्कहरूले हामीलाई सरकारलाई लगानी गर्नु पर्ने हुन्छ। त्यहाँबाट ऋण लिनु पर्ने हुन्छ। त्यसले गर्दाखेरि निजी क्षेत्रमा जाने ऋणमा चाप आउँछ र त्यसले ब्याजदर वृद्धि हुने हुँदा त्यो चाहिँ निजी क्षेत्र आकर्षित भएर उत्पादनमुखी क्षेत्रमा निजी क्षेत्र चाहिँ जान सक्न अवस्था छैन। त्यसकारणले गर्दा अलि सरकारले बजेट बनाउँदा अलि राम्रो सँग विश्लेषण नपुगेको हो कि? ध्यान नपुगेको हो कि? अथवा अलिकति महत्वाकाङ्क्षी भएर बजेट ल्याएको हो कि भन्ने म यहाँ राख्न चाहन्छु। बजेटमा सरकारका पाँचवटा उद्देश्य, पाँचवटा प्राथमिकता, पाँचवटा सुधारका रूपान्तरणकारी क्षेत्रहरू घोषणा गरिएका छन्।

अध्यक्ष महोदय, हामीले यस क्षेत्रलाई प्राथमिकता दिँदा नेपाली समाजमा रहेको सामाजिक समस्याहरू भने किन प्राथमिकताभित्र परेन? नेपाली समाजमा वर्ग निर्माण गर्ने, मानवीय सम्मानसँग

जोडिएका सामाजिक समस्याहरू छन्। यो कुनै सामान्य समस्या होइन सभामुख महोदय। यो प्राथमिकतामा परेन। शासकीय आँखाले नदेखेको तर समाजको सिङ्गो प्रगतिलाई रोक्ने यो समस्यालाई नजरअन्दाज गरी बजेट निर्माण गर्ने कुरा यो राम्रो भएन। त्यसैले अब आउने अब यसलाई यो बजेटलाई कार्यक्रमको पाँचवटा सामाजिक समस्याहरू पनि यसमा चाहिनी यसका पाँचवटा समस्या र पाँचवटा सुधार सामाजिक समस्या र सामाजिक सुधारका कार्यक्रमहरू ल्याउनका लागि म सरकारलाई सुझाव गर्न चाहन्छु।

युवाहरूलाई उत्पादन क्षेत्रमा जोड्दै विशेष गरेर रोजगार प्रदान गर्ने लक्ष्य लिएको कुरा माननीय अर्थमन्त्रीज्यूबाट प्रस्तुत भएको छ। तर अध्यक्ष महोदय, यस्तो अमूर्त कुरा गरेर आजै आज सबै स्कुले बालबालिका देखिन् युवा यो देशमा केही हुँदैन, विदेश जानुपर्छ भनेर मेन्टालिटी बनाइरहेको स्थितिमा यो भन्दा अगाडिका सरकारले पनि अमूर्त हिसाबले कुरा आएको छ। कुनै यसमा चाहिँ स्पष्ट कार्यक्रम छैन। कुनै स्पष्ट चाहिँनी बजेट पनि विनियोजन गरेको देखिँदैन। यो चाहिँ नि अलिकति अमूर्त छ।

कृषि लगानी दशक भनेर घोषणा गरिएको छ। तर कृषि दशक भनेकै यो बजेट चाहिँ नि पोहोर सालको भन्दा पनि घटाएर, लिएर आएको छ। यो कुराको म ध्यानाकर्षण गराउन चाहन्छु। कृषि र कृषकलाई हेर्ने दृष्टिकोण, समाजिक मूल्य बदल्ने गरी यो योजना निर्माण गर्नु पर्छ भन्ने मलाई लागेको छ। साथै कृषकले उत्पादन गर्ने तर बजार चाहिँ बिचौलियाले कब्जा गर्ने जुन खालको परिपाटी छ, यसलाई सरकारले विशेष ध्यान दिनुपर्छ भन्ने म भन्न चाहन्छु।

रुग्ण उद्योग सञ्चालन एकैपल्ट गर्न सकिँदैन । बजेट अभाव हुने भएका कारणले गर्दाखेरि त्यस्ता रुग्ण उद्योगहरू मध्ये तत्काल आम्दानी दिने र सञ्चालनमा आउन सक्ने उद्योगहरू छानेर त्यस्ता उद्योग सञ्चालन गरेर त्यसको आम्दानीले अरु उद्योग सञ्चालन गर्न पर्छ भन्ने मलाई लागेको छ। यस्तै आयोजनाहरू मध्ये दोलखाको magnesite उद्योग एउटा चाहिँनी हुन सक्छ जो धेरै वर्ष देखिन् थन्किएर बसेको छ। त्यो सञ्चालन गऱ्यो भने त्यसबाट राम्रो आम्दानी लिन सक्ने भन्ने मलाई लागेको छ। त्यस्तै तामाकोशी तेस्रो जो बहुआयामिक हुन सक्छ। यसले सिँचाइ, पर्यटन र जलविद्युत तिनवटै कुरालाई यसले चाहिँनी सहयोग गर्न सक्छ। यो कुरामा पनि सरकारले ठोस कुरा लिएर आएको छैन। नर्वेजियन सरकारले तत्कालीन नर्वेजियन सरकारले हामीलाई त्यसको डीपीआर पनि तयार गरेर दिएको छ। ८०० मेगावाट चानचुनको जलविद्युत आयोजना छ। तर यसले विभिन्न स्वार्थ समूहहरूको चलखेलमा यो परेको छ। यसको चाहिँनी त्यो क्षमता नै कहिले बढाउने, कहिले घटाउने, कहिले कसले पाउने, कहिले कसले पाउने, सरकारले यसमाथि राम्रोसँग चाहिँ ध्यान दिन सकेको छैन। यस्ता खालका योजनाहरू बनाउन सक्यौं भने पनि यो सरकारको

लक्ष्य पूरा हुने मलाई लागेको छ। त्यसै गरी दोलखाको लामबगर फलाक नाका उत्तर दक्षिण राजमार्ग जोड्ने कुरा सँधै वर्षै पिच्छे बजेटमा आउँछ। यसपालि त त्यो बजेटमा पनि स्पष्ट खुलाएर आएको छैन। बजेट आउने तर त्यो कार्यान्वयन नहुने अवस्था जुन छ। यसमा पनि सरकारले चाहिँनी ध्यान दिओस् भन्ने म चाहन्छु। अझै पनि समाजमा विभिन्न खालका सामाजिक विभेद कायम छ। जस मध्ये दलित समुदायको माथिको विभेद मानव सभ्यतालाई नै लज्जित बनाउने छ। तर यति ठुलो विभेद अन्त्यको लागि राज्यको ठोस कार्यक्रम कहिल्यै पनि बनेन। सामान्य सुधारको कार्यक्रम बाहेक राज्यको मुल मुद्दाको रूपमा यो रहेन। दलितहरूको समस्या राज्यको हो। यसलाई स्वीकार्दै कम्तीमा दश वर्षभित्र देशमा सबै खालका विभेद अन्त्य गर्ने लक्ष्य राख्दै सबै संरचनामार्फत अभियान सुरु गर्ने गरी विभेद अन्त्य दशक घोषणा गर्न म भन्न चाहन्छु। दलित आयोगको बजेट यसपालि पनि कम भएको छ। संस्थाहरू घोषणा गर्दै जाने त्यसलाई उपयुक्त बजेट नदिने र संस्थाहरू चाहिँनी बिस्तारै त्यसको प्रभावकारिता घट्ने रोग यसपालि पनि यो बजेटले पनि हामीले चाहिँनी महसुस गर्न सक्छौं। सरकारी कार्यालयहरूमा नेपाली गलैंचा प्रयोग गर्ने भन्ने सरकारको योजना निकै राम्रो छ। तर गलैंचा मात्रै भन्दा पनि सबै सरकारी कार्यालयमा सबै खालका चिजवस्तुहरू नेपाली प्रयोग गर्नलाई यसलाई priority दिनु पर्छ भन्ने मलाई लागेको छ।

देशमा भ्रष्टाचार बढ्दै गएको छ। तर यो भ्रष्टाचार बढ्दै गर्दा कर्मचारीको तलब हेर्ने हो भने कतै हामीले तलब कर्मचारीलाई दिने तलबका कारणले गर्दा भ्रष्टाचार व्याप्त हुँदै गएको त होइन? भन्ने खालको कुराहरू छन्। त्यसो भएको भएर कर्मचारीहरूको तलबमा नेपाल सरकारले विशेष ध्यान दिनुपर्छ भन्ने जस्तो मलाई लाग्दछ। पर्यटनमा सरकारको जग्गा, सरकारको स्वामित्वमा रहेका जग्गाहरू पर्यटन र निजी क्षेत्रलाई दिने कुरा आएको छ। तर जमिन निजी क्षेत्रलाई दिँदा सरकारले विगतमा गरेका दिएका त्यस्ता सम्झौताहरू निकै विवादित भएका छन्। धेरै विवाद उठेको छ। यो कुरालाई मध्यनजर गर्दै स्पष्ट कारण बनाएर नेपाल सरकारलाई फाइदा हुने गरी निजी क्षेत्रले पनि ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य जित जंग बस्नेत। समय ९ मिनेट। यसपछाडि माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१४:४५ बजे)**माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्री माननीय वर्षमान पुनज्यूले नेपाल सरकारतर्फबाट आर्थिक वर्ष २०८१।०८२ को लागि अठार खर्ब साठी अर्ब तीस करोड बजेटको लागि म शुभकामना दिन चाहन्छु। साथ साथै राष्ट्रिय

योजना आयोगले दिएको सिलिङ्गभित्रै बजेट आउनु र सङ्घीयता पछि एक घण्टा पैंतालिस मिनेटको प्रस्तुतीकरण गर्नु सक्नु पनि म चाहिँ ऐतिसाहिक उपलब्धि पनि ठान्दछु। यो बजेट अध्ययनको गरिसकेपछि यो बजेट पनि नयाँ कागजको पुरानै नीति र कार्यक्रमहरू आएका छन्। र यसको कार्यक्रम र निरन्तर र भाग्य बोकेको देखिन्छ। जसको लागि एक घण्टा पैंतालिस मिनेटसम्म सङ्घीय संसद र देशको समय बर्बादी भएको महसुस मलाई हुन गएको छ। साथै लोकतन्त्र ल्याउन सघाउने जनता र सरकारप्रति न जनता चासो राख्न थालेका छन्। न संसदप्रति चासो छ। न बजेटपट्टि नै चासो छ। जता ततै हेऱ्यो निराशै निराशा छाएको छ। यो निराशा छाउनु प्रजातन्त्रको स्थिरता, विकास र प्रभावकारिताको लागि राम्रो सङ्केत पनि होइन। यसको पछाडिको कारण बुझ्दा अर्थतन्त्रको समस्या समाधान गर्ने बजेट बन्नुको साटो अर्थतन्त्रको समस्या बढाउने राजनीतिक बजेट आउने गरेको छ। विगत अर्थतन्त्रको व्यवस्थापन गरेर जनतालाई राहत दिने भन्दा ऋण र करको बोझले झन् झन् देश र जनतालाई खोक्रो र मनोबल गिराउने, देशबाट भाग्नुपर्ने, अर्काको देशमा बहादुर र दास बनाउने बजेट आउने गरेको ऋणलाई लिएर घ्यु खाने सपना शब्दजालमा फसाएर नेता र व्यापारीलाई पोस्ने। जनताको लागि स्रोत नभएको कार्यक्रमको ठेङ्गा देखाएर असफल बनाउने बजेट र उत्पादनबिनाको समाजवाद र सोचबिनाको कार्यक्रमहरू सपनामयले गर्दा यो बजेट भाग्य पनि उही त हो नि भन्ने भाव पाइन्छ। यो सन्दर्भमा बजेट हेर्दा महत्वाकाङ्क्षी, सपना बाँड्ने, वितरणमुखी, ऋणमुखी र कर्मकाण्डी नै देखिन्छ। यसो हेर्दा कम्युनिष्टको मुखौटा मात्रै देखिन्छ। तर देशको लागि भनेर गर्वका साथ दश वर्ष कथित जनयुद्ध लडेको माओवादीले न देशको समस्या चिन्यो, न जनताको समस्या चिन्यो। बरु टाइ लगाउन मात्रै जान्यो। जनताभन्दा खाओवादीलाई बढाउन र ऋण लिएर भए पनि राज्यको ढुकुटीमा हिस्सेदारी बढाउन जान्यो। त्यसमाथि बरु राज्यले नचिनेको राज्यले, राज्यमा कुनै योगदान नभएको प्रधानमन्त्रीका श्रीमतीलाई चिन्यो। उहाँको नाममा कलेज बनाउन बादशाह अकबरले आफ्नै श्रीमतीको नाममा ताजमहल बनाए झैं राज्यको ढुकुटीको दुरुपयोग गरेर प्रचण्डज्यूले सीता दाहालको कति माया र सम्झना गरेको देखाउन यो बजेटको सुन्दर पक्ष पनि हो।

(१४:४९ बजे)<u>पुनः पीठासीनः</u> सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहाल।

<u>माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)</u>:- यो बजेट सरकारका घटकहरूले टिप्पणी हेर्दा भालुको कन्पट भएको छ। यो हुनु नै थियो प्रजातन्त्रमा ठुला दलले सरकार बनाउने हो। हाम्रो देशमा साना दलका सरकारको मियो हुने, साना दलले जवाफ दिएता पनि सानो जनताको

घेरामा हुने। र ठुला दलको देश भरि नै जवाफदेही हुनुपर्छ। यो प्रजातन्त्रको पक्ष हो, यसको प्रतिविम्ब स्रोतबाट आएको ऋण र साधनको विनियोजनमा देखेको अराजकताले पनि देखिन्छ। यसको उदाहरण ठुला आयोजनाहरूको कार्यक्रम कसैले नसोचेको, नखोजेको, ध्यान नदिएको सत्ता सञ्चालन विकासमा खेलिने ऋण र कमिसनको खेल पनि हो। पोखरा र भैरहवाको विमानस्थलको ऋण लिएर निर्माण गर्न आवश्यक थियो कि थिएन भन्ने बहसबिना नै पाँच प्रतिशत ब्याजमा निर्माण गरिनु पर्ने कार्य देश र जनताप्रति घोर घात हो कि होइन? बजेटले अर्थतन्त्रको शिथिलता उल्लेख गरेको छ। यो शिथिलतामा सबैतिर भएपनि उद्योग, निर्माण व्यवसायी, रियल स्टेट सबैभन्दा चर्को रहेको अवस्था छ। यसको छाया जनताको घरमा बेरोजगारी, न्यून आय, न्यून उपभोग र बजारको गतिहीनतामा देख्न पाइन्छ। जबसम्म यसलाई समाधान गर्न सक्दैनौं तबसम्म बजेटमा परेको आर्थिक वृद्धिदर, मुद्रास्फीतिका लक्ष्य र रोजगारीका लक्ष्य कसरी हासिल गर्न सक्छ? यसको उद्देश्य, प्राथमिकता, कार्यक्रम आवश्यक छ। तर बजेटमा अर्थमन्त्रीज्यूले यसको उपाय, उद्देश्य, प्राथमिकता, कार्यक्रम बनाउने बेलामा सुतेर बसेको जस्तो देखिन्छ। न सार्वजनिक खर्चमा देखिन्छ, न राजस्व नीतिमा । अर्थमन्त्रीज्यू बिरामी मान्छेले बिना औषधि कसरी निको हुन्छ? निको नभएको अर्थतन्त्रलाई गतिशील कसरी हुन्छ यो त भ्रम छर्ने बाहेक अरु के हो र? बजेटको आकार र प्रदेश, स्थानीय निकायलाई दिने अनुदानको जोड्दा बाइस खर्ब साठी अर्ब अठ्तिस करोड देखिन्छ। यसमा बाह्र खर्ब तिस अर्ब मात्र राजस्व देखिन्छ। यो भनेको करिब ५५% हो। यो बजेट ४५% ऋणमा नै देखिन्छ। एउटा बजेट तेइस खर्ब ऋण र दश खर्ब थप्दा तेत्तिस खर्ब हुने देखिन्छ। अर्थमन्त्रीज्यूको काम के अर्थलाई ऋणको यो देशको अर्थलाई ऋणको बोझ बोकाउने? उकास्ने हो की? अर्थतन्त्रलाई ऋणको बोझ बढाएर जनताको ऋणको भारी बोकाएर सङ्कट बढाउने हो? अर्थमन्त्रीज्यू यति ठुलो ऋणको व्यवस्थापन र परिचालन गर्न सकिन्छ र अर्थतन्त्रमा नकारात्मक असरको अनुमान गर्नु भएको छ कि छैन? यो मेरो प्रश्न हो। यदि यो व्यवस्थापन भएन भने तपाईंले प्रस्ताव राखेको सुशासन कसरी आउला? तपाईंले राखेको विकासको प्रस्ताव कसरी कार्यान्वयन होला? कार्यान्वयन नभएपछि यो बजेटको सपनामय हुँदैन। ऋण लिएर ऋणको साँवा ब्याजमात्र तिर्दा कसरी बजेट सफल होला अर्थमन्त्रीज्यू? कसरी कार्यान्वयन होला? यो मेरो अर्को प्रश्न पनि हो। अर्थमन्त्रीज्यूले रोजगार, उत्पादकत्व वृद्धि गर्न कृषि लगानी वर्ष घोषणा गर्नु भएको छ। यो स्वागतयोग्य छ। उद्देश्य र प्राथमिकता कार्यक्रम छ। तर गतवर्ष भन्दा पनि कृषि बजेट घटाएर बजेट ल्याउँदा यस्तो महत्त्वाकाङ्क्षी कार्यक्रम कसरी लगानी वर्ष रूपान्तरण हुन्छ र यो देश अर्थतन्त्र जनताको लागि घातक भएन र? यो स्थितिमा लगानी सम्मेलन प्रतिफल फुस्स भएजस्तो यो पनि गफमा सीमित हुने भएन र? यसको लागि कृषिमा उत्पादन गर्न सक्छ र यस कार्य यसमा पुनरावलोकन होस् भन्ने मेरो चाहना पनि छ।

अर्थमन्त्रीज्यू, उद्योगको विकास बिना यो देश र उत्पादन बढ्छ, न रोजगारी र व्यापार, राजस्व नै लगानी हुन्छ। यस्तो महत्त्वपूर्ण आर्थिक क्षेत्रमा आएको शिथिलताले आर्थिक क्रियाकलापमा वृद्धि नगरेर राजस्वको लक्ष्य हासिल गर्न नसकेको र रोजगारले युवाहरूलाई विदेश पलायन हुन बाध्य पारेको अवस्थामा साथमा निजी क्षेत्रको मनोबल कमजोर हुँदा लगानी सम्मेलनको प्रतिफल नआएको अवस्थामा हुँदाहुँदा पनि यसलाई सम्बोधन गर्नका लागि र मनोवल वृद्धि गर्नको लागि राजस्वको लक्ष्य मात्रै नहेरी राजस्वको नीतिमा पुनरावलोकन गरी करदर कटौती गर्ने नीति लिनु पर्नेमा त्यसको उल्टो करदर वृद्धि लिँदा उद्योग व्यावसायिक शिथिलता समाधानभन्दा बढ्ने हुन्छ। यसको अर्थतन्त्रमा रहेको शिथिलता कसरी घट्न सक्छ र यो बजेटले ८०% निजी क्षेत्रलाई प्रोत्साहित कसरी गर्छ र यसकारणले यसमा पुनरावलोकन जरुरी छ। निर्माण व्यवसायमा देखिएको सिथिल्ताले अर्थतन्त्रलाई निर्माण व्यवसायसँग आबद्ध उद्योग, व्यापार, बैङ्क र व्यवसाय शिथिल भएको अवस्था छ। यसको कारण केलाउँदा सरकारले समयमा भुक्तानी रोकेको देखिन्छ। सरकारले आफैंले अर्थतन्त्र सङ्कट ल्याउन मिल्छ कि मिल्दैन सरकार यसरी गैरजिम्मेवारी हुन मिल्छ कि मिल्दैन? मिल्दैन भने बजेटमा निर्माण व्यावसायीको सङ्कटलाई किन समाधान नगरेको यसकारण यसमा पनि पुनरावलोकन हुन जरुरी छ। रियल स्टेट व्यसाय अर्थतन्त्रको लगानी र राजस्वको महत्त्वपूर्ण क्रियाकलाप हो। यो सरकारको उच्च करनीति र कडा मौद्रिक नीतिले यसको बजार सिथिल भएको अवस्थामा छ अहिले। यसको उपचारको लागि बजेटमा स्पष्ट राजस्व नीति लचकता हुनु पर्नेमा यसलाई पनि कडा नीति रहेको अवस्था छ। यसरी कसरी सहरीकरण र नयाँ व्यवसाय फस्टाउन सक्छ र यसमा फँसेको लगानी कहाँ पुर्याउला र अर्थतन्त्रमा रहेको समस्या कसरी समाधान होला, यसको पनि पुनरावलोकन हुन जरुरी छ। अन्त्यमा प्रधानमन्त्री छोरी आत्मनिर्भरता कार्यक्रम ल्याउनु भएको छ। दश करोडको मात्रै छ। यसमा चाहिँ पैसा थपोस् भन्ने मेरो चाहना पनि छ । ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य गोपी बहादुर सार्की आछामी। समय १० मिनेट।

(१४:५४ बजे)**<u>माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**: सम्माननीय अध्यक्ष महोदय, म नेपाल सरकारका माननीय अर्थमन्त्रीले पेश गर्नुभएको आगामी वर्ष आ. व. २०८१।०८२ को राजस्व र व्ययको अनुमानमाथि आफ्नो धारणा राख्ने अनुमति चाहन्छु। म यो धारणा राख्ने वक्ताहरू मध्ये अन्तिम वक्ता पनि हुँ। यहाँ थुप्रै माननीय

वक्ताहरूले आफ्नो विषय राखिसक्नुभएको छ। यसमा मलाई लाग्छ दुई तीनवटा कोणबाट एउटा देश समर्थनको कोणको विषयहरू चाहिँ व्यक्त गर्नुभएको छ माननीयज्यूहरूले।

दोस्रो चाहिँ आलोचनात्मक खालको विषय पनि व्यक्त गर्नु भएको छ र कतिपय माननीयज्यूहरूले आलोचनासहितको आफ्नो विषय व्यक्त गर्नु भएको छ। यो चाहिँ लोकतन्त्रको सुन्दर पक्ष पनि हो र फेरि अहिले वर्तमानको राजनीतिक घटनाक्रम विकसित परिस्थिति र देशले सिर्जना गरेको मनोविज्ञानको कारणले गर्दाखेरि पनि यो विषय आइराखेको छ भन्ने मेरो आफ्नो प्रस्ट बुझाइ पनि रहेको छ। र म सकारात्मकरूपमा आफ्नो भूमिका राख्नुहुने, आफ्नो विचार व्यक्त गर्नुहुने सबै माननीयज्यूको विचारहरूप्रति, धारणाहरूप्रति र भावनाप्रति मेरो आफ्नो चाहिँ ऐक्यबद्धता रहेको कुरा पनि म जानकारी गराउन चाहन्छु। मलाई लाग्छ, देशको परिस्थिति त्यति सजिलो होइन। अर्थतन्त्रको स्थिति, राजनीतिक घटनाक्रम र यो बारम्बार फेरि रहने समीकरणको स्थिति जनअपेक्षा र चाहिँ मागलाई हेर्ने हो भने र विश्व परिस्थितिलाई पनि हेर्ने हो भने देखि यो सहज ढङ्गले चाहिँ देश अगाडि बढ्न सकिराखेको छ जस्तो अनुभूति मलाई हुँदैन। तर पनि अर्थमन्त्रीज्यूले जसरी मेहनत गरेर सुझबुझका साथ यो परिस्थितिको चाहिँ आँकलन गरेर वस्तुवादी, यथार्थपरक र सन्तुलित ढङ्गले चाहिँ बजेट तथा कार्यक्रम चाहिँ ल्याउनु भएको छ। व्यक्त गर्नुभएको छ। र यो विषय राख्नुभएको छ। म सर्वप्रथम त मेरो आफ्नो तर्फबाट र मेरो आफ्नो पार्टीको दलकोतर्फबाट चाहिँ माननीय अर्थमन्त्री र नेपाल सरकारलाई हार्दिक आभार र धन्यवाद पनि व्यक्त गर्न चाहन्छु। र म यो बजेटको चाहिँ दृढतापूर्वक समर्थन पनि गर्न चाहन्छु। यसले केही प्राथमिकताहरू चारवटा महत्त्वपूर्ण विषयमा पाँच पाँचवटा शीर्षक राखेर पाँच पाँचवटा चाहिँ बुँदा राखेर यसको उद्देश्य, प्राथमिकता, रणनीतिक र रूपान्तरणकारी क्षेत्र भनेर चाहिँ यो चारवटा विषयमा फोकस गरेर बजेट चाहिँ जसरी यहाँ आएको छ। मलाई के लाग्छ भने यो चाहिँ बजेटको सार हो जस्तो मलाई लाग्छ। यो चारवटा विषय र पाँच पाँचवटा बुँदामा जसरी चाहिँ प्राथमिकता तोकिएर आएका छन्। यो नै महत्त्वपूर्ण हो र यसको यो बजेटको सार नै यही हो भन्ने मलाई लाग्दछ। यसमा महत्त्वपूर्ण उद्देश्य भनेर चाहिँ उत्पादन, उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने भनिएको छ। निजी क्षेत्रको मनोबल बढाउँदै लगानी बृद्धि गर्ने मलाई के लाग्छ भने राज्य निर्माण चाहिँ सरकार र निजी क्षेत्रको साझेदारी नै हुन सक्दछ। निजी क्षेत्रको आफ्नो ठाउँको योगदान र राज्यको नीति तथा कार्यक्रम र निजी क्षेत्रलाई कामगर्ने अवसर, वातावरण र चाहिँ सुरक्षाको ग्यारेण्टी गरिदिएर मात्रै हामीले चाहिँ निजी र सरकार मिलेर देश अगाडि बढाउने। देशको समृद्धिको चाहिँ यात्रालाई अगाडि बढाउने खालको स्थिति हुन सक्छ। यसमा सरकारले गम्भीरतापूर्वक ध्यान दिएको मैले महसुस गरिराखेको छु। मानव संसाधनको विकास, स्रोत साधनको चाहिँ सन्तुलित र समन्यायिक

वितरण गर्ने र असमानको अन्त्य। हामी दश वर्षको सशक्त क्रान्ति र सबै परिवर्तनकारी आन्दोलनमा लडेको भनेको चाहिँ असमानताको विरुद्ध, विभेदको विरुद्ध, अन्याय र अत्याचारको चाहिँ विरुद्ध हामी लडेका थियौं। विशेष गरेर चाहिँ कर्णाली उत्पीडनको क्षेत्र, मधेस उत्पीडनको क्षेत्र, महिला, दलितलगायतका चाहिँ उत्पीडित र मजदूर किसानहरूको चाहिँ हितकेन्द्रित भएर चाहिँ जसरी बजेट ल्याउन कोसिस गरिएको छ, मेहनत त्यहाँ गरिएको छ। म यसलाई हार्दिक ढङ्गले चाहिँ धन्यवाद पनि व्यक्त गर्न चाहन्छु। त्यस्तै सुशासन र सार्वजनिक सेवाको क्षेत्र, आज व्यापकरूपमा उठ्ने गरेको चाहिँ विषय भनेको चाहिँ सुशासन कायम गर्न सकिएन। यो सरकारले एउटा सुशासन, आर्थिक समृद्धि र सामाजिक न्याय भनेर जसरी चाहिँ यो सरकार बनिसकेपछि चाहिँ यसले काम कारबाहीलाई अगाडि बढायो त्यो क्षेत्रलाई ध्यान दिएर चाहिँ कार्यक्रममा समावेश गरिएको कारणले गर्दाखेरि मलाई एउटा विश्वास पनि पैदा भएको छ। अब हामी साँच्चिकै नेपाली जनताले चाहेको "समृद्ध नेपाल र सुखी नेपाली" को नारा र यो लक्ष्य पूरा गर्न यो बजेटले चाहिँ अगाडि बढ्नेछ भन्ने विश्वास पनि लिएको छु।

त्यस्तै अर्को यसका प्राथमिकताहरू छन्। आर्थिक सुधार र निजी क्षेत्रको प्रवर्धन, कृषि, ऊर्जा, पर्यटन, सूचना प्रविधि, औद्योगिक विकास र पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्यलगायत सामाजिक क्षेत्रको विकास समावेशी र सामाजिक सुरक्षा, सुशासन प्रवर्धन र सामाजिक सार्वजनिक सेवा प्रवाहमा सुधार। यसले कार्यक्रम अन्तर्गत विशेष गरेर चाहिँ कृषिलाई आधार मानेर त्यसपछि प्रविधि, पर्यटन, उद्योग र निर्माण क्षेत्रलाई चाहिँ ध्यान दिएर चाहिँ अगाडि बढ्ने र समृद्ध नेपाल निर्माण गर्ने जुन लक्ष्य राखेको छ। यो मलाई राम्रो लागिराखेको छ र म यसलाई जोडदाररूपमा समर्थन पनि गर्न चाहन्छु। त्यस्तै पाँचवटा रणनीतिकहरू छन्। यसमा संरचनात्मक सुधार, व्यावसायिक वातावरण सुधार, सार्वजनिक वित्त प्रणाली सुधार, वित्तीय क्षेत्र सुधार, सार्वजनिक प्रशासन सुधार। यी विषय पनि महत्त्वपूर्ण छन्। त्यसतै बजेटमा पाँच रूपान्तरणकारी क्षेत्र भनेर चाहिँ कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन र उद्यमशीलता र औद्योगिक विकास भनिएको छ। यो असाध्यै महत्त्वपूर्ण छ। त्यस्तै यो २०८१ देखि २०९१ सम्मको यो दश वर्षलाई कृषिमा लगानीको दशक कृषि मुल आधार हो। राष्ट्र निर्माणको पुँजी निर्माणको र चाहिँ आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि चाहिँ कृषि मूल आधार हो। त्यसका केही चुनौतीहरू छन्। बजारको चुनौती, हामीले आधुनिकीकरण गर्न सक्ने स्थिति र व्यवसायीकरण गर्ने स्थिति त्यसलाई पनि हामीले मध्यनजर गरिदिन्छौं। युवा पलायनको चाहिँ स्थिति छ। युवालाई हामीले गाउँमा रोक्नु पनि छ। यसको थुप्रै व्याख्यात्मक ढङ्गले बुँदागतरूपमा कार्यक्रमहरू आएका छन्। त्यसलाई हामीले प्रभावकारी

ढङ्गले कार्यान्वयन गर्न सक्यौं भने साँच्चिकै हामी देश निर्माणको चाहिँ महत्त्वपूर्ण लक्ष्य हासिल गर्न सक्छौं भन्ने मलाई एउटा विश्वास पनि पैदा भएको छ।

त्यस्तै अब हामीले यी सबै कार्यक्रमहरू जसरी अर्थमन्त्रीज्यूले चाहिँ व्यक्त गर्नु भएको छ। त्यसलाई विश्लेषणात्मकरूपमा, व्याख्यात्मकरूपमा कार्यक्रमहरू चाहिँ बनाउनु भएको छ। यो चाहिँ प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम एउटा नयाँ कार्यक्रमको रूपमा त्यस्तै गरी महिलामा लगानीको वर्षको रूपमा र त्यसै गरी शिक्षामा चाहिँ साथीबाट सिक्ने र साथीलाई सिकाउने भन्ने एउटा नयाँ एउटा अभियानको रूपमा र राष्ट्र निर्माणमा चाहिँ युवा परिचालन गर्ने हिसाबले चाहिँ र अर्को चाहिँ गण्डकी त्रिभुज आर्थिक परियोजना भनेर चाहिँ जुन एउटा नयाँ एकीकृत विकासको कार्यक्रम र अनि सातैवटा प्रदेशमा त्यसको मौलिकताको आधारमा प्रदेश कोशी प्रदेशमा चाहिँ उद्योग त्यस्तै गरी चाहिँ मधेस प्रदेशमा कृषि, बागमतीमा प्रविधि, गण्डकीमा पर्यटन, लुम्बिनीमा चाहिँ साना र मझौला उद्योग, कर्णालीमा चाहिँ जडीबुटी र सुदूरपश्चिममा चाहिँ धार्मिक पर्यटन प्रवर्धन गर्ने हिसाबले चाहिँ हाम्रो देशको चाहिँ सम्पत्ति भनेको चाहिँ एउटा मानव पुँजी हो अर्को चाहिँ भूमि हो अर्को चाहिँ प्रकृति। यसलाई हामीले चाहिँ समुचित हिसाबले चाहिँ परिचालन गर्नु पर्छ भन्ने हिसाबले जसरी आएको छ। यो असाध्यै राम्रो र सकारात्मक छ। त्यस्तै चाहिँ केही चुनौतीहरू छन्। राजस्व सङ्कलनका, त्यसको परिचालनका, ठोस कार्य योजनासहित आएको छ यो राम्रो कुरा पनि छ। त्यसै गरी कर्मचारीको तलब वृद्धि नगर्दा उनीहरूको सेवा सुविधालाई व्यवस्थित नगर्दाखेरि हामीले हाम्रा नीति कार्यक्रमहरू लागु गर्नलाई केही चुनौतीहरू हुन्छन्। त्यसलाई अलिकति ध्यान दिनुपर्छ होला जस्तो लाग्छ। अर्को कुरा चाहिँ पूर्वमा कोशी प्रदेशमा आउँदाखेरि चाहिँ मोरङ्ग र उदयपुरमा चाहिँ हामीले मेडिकल कलेजको कुरा गरेका छौं। त्यो कहाँ के भन्ने विषयमा एउटा चाहिँ पूर्वाञ्चलन विश्वविद्यालय र अर्को चाहिँ उदयपुरको कटारीलाई केन्द्र बनाएर जाँदाखेरि राम्रो हुन्छ। सायद बजेटमा यो व्यवस्था भएको होला। म यसलाई दृढतापूर्वक अर्थमन्त्रीज्यूले ल्याउनु भएको बजेट तथा नीति कार्यक्रमलाई समर्थन गर्दै मेरो आफ्नो भनाइ अन्त्य गर्न चाहन्छ। हवस् त अभिवादन। नमस्ते।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय अर्थमन्त्रीले पेश गर्नुभएको आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलका क्रममा माननीय सदस्यहरूले उठाउनु भएका विषयका सम्बन्धमा जवाफ दिन माननीय अर्थमन्त्री वर्षमान पुनलाई समय उपलब्ध गराउछु।

(१५:०५ बजे)**माननीय अर्थमन्त्री श्री वर्षमान पुनः**- सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्यय माथिको बजेट वक्तव्य माथिको माननीय सदस्यहरूको महत्त्वपूर्ण छलफल, टिप्पणी सुझावहरू यहाँ प्राप्त भएका छन्। तीन दिनसम्म भएको यस छलफलमा पहिलो दिन माननीय सदस्यहरूको बोल्ने क्रममा २० गते १२ जना माननीय सदस्यहरूले आफ्नो धारणा राख्नुभएको देखिन्छ। त्यस्तै गरी दोस्रो दिन जेठ २१ गते १६ जना माननीय सदस्यहरूले र बाँकी आज तेस्रो दिन माननीय सदस्यहरूले आफ्नो धारणा राख्नुभएको छ। र यसमा प्राप्त सुझावहरू, समर्थनहरू, आलोचनात्मक टिप्पणीको लागि म सम्पूर्ण वक्ता माननीय सदस्यज्यूहरूलाई सम्माननीय अध्यक्षज्यूमार्फत हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। विगत वर्षमा गरिएका आर्थिक सुधारका उपलब्धिहरूलाई संस्थागत गर्दै बललिँदो अर्थ व्यवस्था र मुलुकको वस्तुगत आवश्यकतालाई दृष्टिगत गरी उत्पादन र रोजगारीको अवसर सिर्जना गर्दै देशको अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउने उद्देश्यको कार्यदिशा स्पष्ट गरी आगामी आर्थिक वर्षलाई आर्थिक सुधारको वर्ष घोषणा गरिएको हो। र यसमा पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति, पाँच रुपान्तरणकारी क्षेत्रहरू प्रस्तुत गरिएका छन्। र छलफलको क्रममा माननीय सदस्यज्यूहरूबाट खासगरी विभिन्न जिज्ञासाहरू आएका छन्। त्यसलाई मैले टिपोटको रूपमा यसरी प्रस्तुत गरेको छु।

आर्थिक वृद्धिको ६% को लक्ष्य महत्वाकाङ्क्षी रहेको भन्ने आएको छ। यसै गरी बजेटमा घोषित कार्यक्रम कार्यान्वयनमा चुनौती रहेको। बजेटको आकार ठुलो, महत्वाकाङ्क्षी र वितरणमुखी भएको। सिद्धान्त र प्राथमिकता बमोजिम बजेट नआएको। वैदेशिक अनुदान र ऋण अनुमान बमोजिम प्राप्त गर्न कठिन रहेको। चालु खर्च घटाउने कुरा चुनौतीपूर्ण रहेको। शिक्षा, स्वास्थ्य र कृषिमा बजेट घटेको तर अर्थमन्त्रालयमा अर्बौं रकम अबण्डामा राखिएको। अर्थतन्त्र शिथिल भएको अवस्थामा राजस्व सङ्कलनको लक्ष्य महत्त्वाकाङ्क्षी रहेको। सुर्तीजन्य र मदिराजन्य वस्तुमा अन्तःशुल्क अन्य देशको तुलनामा कम लगाइएको। सामाजिक तथा सांस्कृतिक रूपान्तरण हुने गरी बजेट नआएको। प्रादेशिक सन्तुलन हुने गरी बजेट नआएको। राष्ट्रिय गौरवका योजना सम्पन्न हुनेगरी सङ्ख्या घटाउनु पर्नेमा थपिएको। सम्पन्न हुने कार्यक्रमभन्दा नयाँ कार्यक्रम समावेश गरिएको। बजेट खर्च गर्ने क्षमतामा सुधार गर्ने चुनौती रहेको। बजेट सङ्घीयताको मर्म र

भावनाअनुरूप नभएको। प्रदेश र स्थानीय तहमा जाने रकम घटाइएको जस्ता प्रश्नहरू यहाँ र जिज्ञासाहरू यहाँ आएका छन्। यसैगरी सर्जिकल औषधि भन्सार शुल्क बढाइएको। युवालाई विदेश पलायनबाट रोक्ने विषय समावेश नभएको। ऋणको भारी बोकेर आर्थिक सुधारको वर्ष घोषणा गरिएको। सरकारी कर्मचारीहरूको तलब वृद्धि हुन नसकेको। बजेट खास मन्त्रालयप्रति उदार र खास मन्त्रालयप्रति अनुवाद रहेको। जलवायु परिवर्तन अनुकुलन मैत्री बजेट नआएको। आर्थिक सुधारको वर्ष भनेता पनि स्पष्ट ठोस योजना नआएको। महिला लगानी वर्ष घोषणा हुँदा महिलाले लगाउने सुतीको सारीमा मूल्य अभिवृद्धि कर लागेको। विद्युतीय सवारीमा कर वृद्धि गरेको। सोह्रौं योजनासँग तादात्म्यता नभएको। कर प्रशासनमा ब्यापक सुधार गर्न नसकिएको। आलु, प्याज र स्याउमा मूल्य अभिवृद्धि कर लगाउँदा नेपाली किसानलाई संरक्षण गर्न नसकिएको लगायतका यहाँ प्रश्नहरू आएका छन्। जिज्ञासाहरू आएका छन्। र बजेटको वक्तव्यलाई समर्थन र यसको लागि चाहिँ प्रोत्साहन गर्ने धारणाहरूपनि यहाँ आएका छन्। र सम्माननीय अध्यक्ष महोदय, अब म माननीयज्यूहरूबाट उठाइएका जिज्ञासाहरूलाई म अलग अलग त यहाँ जवाफ वा जिज्ञासा स्पष्ट गर्ने कोसिस गरेको छैन। तर यसलाई clustering गरेर मूल विषयहरू मैले स्पष्ट गर्ने र सम्बोधन गर्ने प्रयत्न गरेको छु।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, पन्ध्रौं आवधिक योजनाको समीक्षा, सोह्रौं योजनाको सोच, गणतन्त्रको डेढदशकको उपलब्धिको समीक्षा र विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकता तथा त्यसमा माननीय सदस्यहरूबाट व्यक्त भएको रचनात्मक सुझाव। नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेको प्रतिबद्धतालाई प्रमुख आधारको रूपमा ग्रहण गरी बजेट तर्जुमा गरिएको हो। अर्थतन्त्र चलायमान हुँदै गएको, निजी क्षेत्रको मनोवल बढ्दै गएकोले वित्तीय क्षेत्रबाट लगानीयोग्य पुँजी थप परिचालन हुने। भर्खरै सम्पन्न भएको लगानी सम्मेलनमा व्यक्त भएका प्रतिबद्धता बमोजिम थप वैदेशिक लगानी परिचालन हुने। र तीन तहकै सरकारबाट पुँजीगत खर्चमा बढोत्तरी हुने विश्वास लिएको छु। यसमा चाहिँ सम्माननीय अध्यक्ष महोदय, गत वर्ष हाम्रो १.९% को आर्थिक वृद्धि दर थियो भने यस वर्ष ३.९% को वृद्धि हुने प्रक्षेपण गरिएको छ। र यसले पनि बताउँछ कि गतवर्ष भन्दा चालु वर्ष अझ राम्रो हुँदै गएको छ। आर्थिक स्थिति र प्राइभेट सेक्टरको मनोवल पनि र आगामी वर्ष अझ राम्रो हुन्छ। अझ सुधार हुन्छ। र हाम्रो अर्थतन्त्र लयमा आउँछ भन्ने विश्वासका साथ यो बजेट प्रस्तुत गरिएको छ। विगतका वर्ष भन्दा आगामी आर्थिक वर्षमा पुँजीगत खर्चमा भएको बढोत्तरीसँगै स्रोत सुनिश्चितता गरिएका आयोजनामा आवश्यक रकम विनियोजन गरिएको छ भने सिर्जित दायित्वको भुक्तानी र सम्पन्न हुने आयोजनाको समेत आवश्यक रकम विनियोजन गरिएको छ। यसै गरी बैंकिङ्ग प्रणालीमा

लगानीयोग्य रकमको वृद्धि तथा बाह्य क्षेत्र सुदृढ रहेको अवस्थाले सहज वातावरण सिर्जना भएको हुँदा बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट ६% को आर्थिक वृद्धि हासिल हुनुको साथै सोह्रौं आवधिक योजनाले परिलक्षित गरेका उद्देश्यसमेत क्रमशः पूरा हुने विश्वास लिएको छु।

सम्माननीय अध्यक्षज्यू, यसमा खास गरी अहिले पनि बैङ्कमा तरलताको रूपमा कम्तीमा पनि पाँच खर्बभन्दा बढी रकम बैङ्कहरूमा रहेको छ। र यो बजेटले करका नीतिहरूले निजी क्षेत्रलाई प्रोत्सहान गर्ने, लगानी प्रवर्धन गर्ने कोसिस गरेको छ। यसले बैङ्कमा रहेको तरलतालाई मार्केटमा जान सक्ने वातावरण हुनेछ। र यो वित्तीय जो हामीले योजनाको रूपमा बजेट प्रस्तुत गरेका छौं। र यही अनुसारको sequence मा मौद्रिक नीति आउनेछ। र चाहिँ हामीले राष्ट्र बैङ्कसँग पनि छलफल अन्तरक्रिया गरिराखेका छौं। यो बजेट बनाउँदा पनि पर्याप्त feedback हरू राष्ट्र बैङ्कबाट प्राप्त भएका छन्। र यो बजेटलाई कार्यान्वयन गर्ने र यसलाई प्रभावकारी बनाउने  ढङ्गले नै मौद्रिक नीति पनि आउने छ। र राष्ट्र बैङ्कका गर्भरनरले हिजो अस्तिका सार्वजनिक टिप्पणीमा पनि उहाँले बताइसक्नु भा’छ कि आगामी मौद्रिक नीति लचिलो आउने छ। जसले बजेटले प्रस्ताव गरेका कार्यक्रमहरू र हामीले बजारमा पर्याप्त लगानीको वातावरण बन्ने छ भन्ने कुरा एउटा चाहिँ विश्वासको वातावरण त्यसले पनि भनेको छ। र मुलुकको चालु आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादनको आकार, सार्वजनिक वित्तको अवस्था र विगतका बजेटका आकारको तुलनामा आगामी वर्षको बजेटको आकारमा महत्त्वाकाङ्क्षी नरही सन्तुलित रहेको छ। आगामी आर्थिक वर्षका लागि रु. अठार खर्ब साठी अर्ब तिस करोड विनियोजन बजेट कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत परिचालन हुने गरी कार्ययोजनासहित स्रोत व्यवस्थापन गरिने छ। यसमा खासगरी हरेक बजेटमा तीन वर्षको मध्यावधि खर्च संरचना पनि प्रस्तुत गरिन्छ। र तीन वर्ष अगाडि २०८१।०८२ को लागि मध्यावधि खर्च संरचना प्रस्तुत गर्दा साँढे उन्नाइस खर्बभन्दा माथि हुनेछ भन्याथ्यौ भने अहिले हामी अठार खर्ब साठी अर्बभन्दा हामी झण्डै एक खर्ब कम प्रस्ताव गरिएको छ यस बजेटमा। त्यसले पनि के देखाउँछ भने चाहिँ महत्त्वाकाङ्क्षी छैन। वस्तुगत छ कि अहिलेको पछिल्लो थोरै आर्थिक शिथिलताले पैदा गरेको स्रोत सङ्कुचनलाई पनि ध्यान दिएर विना महत्त्वाकाङ्क्षी जनताका अहिलेका आवश्यकताहरू, निजी क्षेत्रका मनोवल उकास्ने खालको। खासगरी हाम्रो युवा जनशक्तिलाई देशभित्रै रहेर भविष्य खोज्ने प्रेरित गर्ने ढङ्गले नै हामी वस्तुवादी बजेट प्रस्तुत गरेका छौं भन्ने म यहाँ स्पष्ट गर्न चाहन्छु।

आगामी आर्थिक वर्षको बजेटको कार्यदिशा अर्थतन्त्रलाई थप चलायमान बनाउन, निजी क्षेत्रसमेतको मनोवल बढाउने रहेकोले बजेट वितरणमुखी नभई उत्पादनमुखी रहेको विश्वास दिलाउन

चाहन्छु। आगामी आर्थिक वर्षको खर्च अनुमान चालु आर्थिक वर्षको विनियोजनको तुलनामा ६.२% ले मात्रै बढी हो। यसै गरी चालु आर्थिक वर्ष २०८०।०८१ को तुलनामा चालु खर्चतर्फ न्यून बजेट विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ बजेट वृद्धि गरिएको छ। आगामी आर्थिक वर्षका लागि प्रदेश र स्थानीय तहमा राजस्व बाँटफाँट र अनुदान गरी रु पाँच खर्ब सट्सठ्ठी अर्ब अर्थात कुल विनियोजनको ३०.५% वित्तीय हस्तान्तरण गरिने सुनिश्चितता जनाइएकोले प्रदेश र स्थानीय तहमा जाने रकममा पनि चालु आर्थिक भन्दा बढी नै विनियोजन गरिएको छ। सो रकमबाट सञ्चालन हुने क्रियाकलाप तथा सङ्घीय सरकारको कार्यक्रमबाट सञ्चालन गरिने क्रियाकलापबाट प्रादेशीक सन्तुलन निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु। सम्माननीय अध्यक्ष महोदय, खासगरी हामी बजेटलाई प्रादेशीक सन्तुलन पनि होस् भनेर हामी प्रदेशहरूमा स्थानीय तहहरूमा पठाउने रकमहरू त्यसमा हस्तान्तरण हुने रकमहरूमा पनि एउटा निश्चित फ्रमुलाले काम गर्छ। यहाँ कयौं टिप्पणीहरू पनि उठेका छन् प्रतिनिधि सभाहरूमा पनि त्यो विषयहरू उठेका छन्। कति माननीयज्यूहरूको बुझाइ कस्तो छ भने जनसङ्ख्यालाई मात्रै केन्द्रित गरियो भन्ने छ। कति माननीय सदस्यहरूलाई भूगोललाई मात्रै हेरियो कि भन्ने छ। होइन जनसङ्ख्या, भूगोल, विकासका लागत लगायतका सत्रवटा सूचकहरू तयार गरेको छ वित्त आयोगले। त्यसको आधारमा रकमहरू हस्तान्तरण हुने गरेको छ। त्यसरी हेर्दा स्थानीय तहहरूमा, प्रदेशहरूमा सन्तुलित रूपले वित्तीय हस्तान्तरण भएको छ। साथसाथै सङ्घबाट विनियोजन हुने बजेटलाई पनि हामीले प्रदेश अनुसार कति रकम गइराख्या छ त्यसलाई पनि यस पटक कोडिङ्ग गर्ने कोसिस गरेका छौं। हामी त्यसलाई पनि विस्तारै ती कोणबाट पनि हेरिने छ कि? ठुला नेताहरूको क्षेत्र या प्रभावशाली नेताहरूको क्षेत्रमा या मन्त्रीहरू, प्रधानमन्त्रीको क्षेत्रमा मात्रै गयो भन्ने जुन आरोपहरू या टिप्पणीहरू हुने गर्छ यहाँ त्यसै होला भन्ने अनुमान गरिन्छ। त्यसो नभएर यस पटक १६५ निर्वाचन क्षेत्र सबै क्षेत्रमा बजेट कुनै न कुनै रूपमा पुग्ने गरी व्यवस्था गरिएको छ। त्यसै गरी सात प्रदेशमा सकेसम्म सन्तुलन होस् सकेसम्म राष्ट्रिय गौरवका आयोजनाहरू प्राथमिकता प्राप्त आयोजनाहरू हुन् र ठुला पूर्वाधारका निर्माणका कामहरू प्रदेशमा सन्तुलित होस् भन्ने कोसिस गरिएको छ। त्यसै गरी बजेटमा सात प्रदेश सात विशेषतामा त्यो प्रदेशका विशेषता अनुसार एक क्षेत्रलाई centre of excellence को रूपमा त्यसको विशेषज्ञताको रूपमा अगाडि लइजाने प्रस्ताव गरिएको छ। सात प्रदेश कसैलाई धार्मिक पर्यटनको रूपमा कसैलाई औद्योगिक उत्पादन केन्द्ररूपमा कसैलाई कृषिको रूपमा कसैलाई साना तथा मजौला उद्यमको रूपमा कसैलाई पर्यटन कसैलाई आईटी हवको रूपमा प्रदेशहरूको विशेषता अरु पनि हुन्छ तर त्यसमा त्यसको विशेषता हुने विशेषज्ञता हुने छ। त्यो center of excellence को रूपमा त्यो प्रदेश विकास गरिने छ भन्ने प्रस्ताव गरी त्यसले पनि हामी सङ्घीयतामा गएका छौं। सङ्घीय विशेषताअनुसार प्रदेशहरूले आफ्ना विशेषतामा प्रयास गरुन् त्यसमा सङ्घीय

सरकारले पनि सहयोग गरोस् भनेर नै हामी त्यो प्रस्ताव गरेका हौं। वैदेशिक सहायतातर्फ चालु आर्थिक वर्षभन्दा सामान्य वृद्धि गरी पूर्वतयारी अवस्थामा रहेका आयोजना तथा कार्यक्रमका लागि मात्र सहायता रकम प्रस्ताव गरिएको छ। यसैगरी विकास सहायताबाट सञ्चालित आयोजनालाई केन्द्रित गरी सघन अनुगमनका प्रणाली विकास गरिएको। विकास सहायतामा हाम्रो उपयोग क्षमता बढाउन प्रोजेक्ट रेडिनेस फिल्टर उपयोग गरी आयोजना सम्झौता गर्दा नै आयोजना कार्यान्वयन कार्ययोजना समावेश गर्ने व्यवस्था मिलाइने हुँदा वैदेशिक अनुदान र ऋण परिचालना गुणात्मक फड्को मार्ने अपेक्षा गरेको छु। यसमा पनि उनुदानको हिस्सा घट्दै ऋणको हिस्सा बढ्यो भन्ने छ। यसमा दुई कोणबाट हेर्नुपर्ने हुन्छ। एउटा कोणबाट बिगतमा हामीले धेरै अनुदान पाउने गर्‍थ्यौ। किन भन्दा हामी अति कम विकसित अवस्थामा थियौ। विस्तारै हामी चाहिँ विकासउन्मुख देशतर्फ गइराखेका छौं। सन् २०२६ मा हामी यसमा graduation गर्छौं कि हामी विकासोन्मुख देशमा चाहिँ हामी विकास गर्छौं। त्यसो गर्दा हामी जब कुनै देशको ऋण तिर्ने क्षमता ऋण चुक्ता गर्ने क्षमता कम हुन्छ। त्यसलाई चाहिँ सहायता अनुदानको रूपमा अलि बढी दिने। बहुपक्षीय संस्थाहरूबाट या द्विपक्षीय उसमा पनि हुन्छ। खासै बहुपक्षीय संस्थाहरूबाट र हाम्रो यो कोणबाट हेर्दा अनुदान घट्दै जान्छ। घट्दै गयो। थोरै नराम्रो जस्तै देखिन्छ। तर राम्रो पक्ष के हो भने हामी ऋण लिँदा पनि तिर्न सक्ने क्षमता भयो। हामी आफूलाई विकास गर्यौं आफूलाई सक्षम बनाउँदै लग्यौं। के हामीले चाहिने क्षेत्रमा पूर्वाधारका क्षेत्रमा उत्पादन वृद्धि गर्ने क्षेत्रमा या रोजगारी सृजना गर्ने क्षेत्रहरूमा हाम्रो प्राथमिकतामा हामी ऋण लिने र त्यसलाई सदुपयोग गर्न सक्यौं भने त्यो नराम्रो कुरा होइन फेरि। केही हामी ऋण लिएर हामीले आफ्ना प्राथमिकताका क्षेत्रहरूमा लगानी गर्नु त्यसको लागि ऋण तिर्ने क्षमता राख्नु राम्रो कुरा हो। यस अर्थमा हामीले अनुदान तथा ऋणलाई हामी गुणात्मक ढङ्गले परिचालन गर्छौं। र यसमा चाहिँ हामीले जति प्रस्ताव गरेको छ। त्यो लक्ष्य पूरा हुन्छ भन्ने हाम्रो विश्वास हो। चालु आर्थिक वर्षको विनियोजन भन्दा आगामी आर्थिक वर्ष शिक्षा क्षेत्रमा करिब छ अर्ब र स्वास्थ्य क्षेत्रमा करिब रु. तीन अर्ब बढी बजेट विनियोजन गरिएको हुँदा शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई उच्च महत्त्वको प्राथमिकता दिइ यो बजेट विनियोजन गरिएको छ। पश्चिम रुकुम र जाजरकोट जिल्लामा गएको भूकम्पबाट भएको क्षतिको पुनर्निर्माण, उत्पादन तथा रोजगारीका कार्यक्रम साथै एमसीए नेपाल अन्तर्गत विद्युत प्रसारण आयोजनासमेतका लागि अर्थ मन्त्रालयको अर्थ विविध शीर्षकमा केही थप बजेट रहन गएको हो। उक्त बजेट अर्थमन्त्रालयले नै खर्च गर्ने भनेको होइन। यसमा चाहिँ हामीले बाइस अर्बभन्दा बढी जाजरकोट भूकम्पको पुनर्निर्माणको लागि छुट्याइएका छौं, बझाङसहितको। त्यसै गरी एमसीएको, खास यो एमसीसीको प्रोजेक्टको ट्रान्समिसन लाइन बनिराखेको छ। त्यसमा काउण्टर पार्ट फण्ड राख्नुपर्ने हुन्छ। एघार अर्ब जति त्यो पनि अर्थ मन्त्रालयको विविध राखिएको छ लगायतका केही जरुरी

उत्पादन तथा रोजगारीसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने कुरा बजेटमा आएको छ। त्यही कार्यक्रमहरू सम्बन्धित मन्त्रालय या सम्बन्धित निकायले आयोजना सञ्चालन गर्छ। तर यो बजेट शीर्षकमा अर्थ विविधमा रहेको हुनाले अलि ठुलो आकार देखिएको छ। गत वर्ष चालु वर्ष भन्दा कम राखिएको बेहोरा पनि म यहाँ जानकारी गराउन चाहन्छु। जलवायु परिवर्तनलाई उच्च प्राथमिकतामा राखेर जलवायु अनुकूलन र न्यूनीकरणका कार्यक्रम सञ्चालन गरिने छ। जलवायु परिवर्तनबाट परेको असरलाई एकीकृत र सन्तुलितरूपमा सम्बोधन गर्न राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ भने वातावरणीय न्यायको सिद्धान्तअनुरूप अधिकारमुखी अवधारणामा उपलब्ध हानी तथा क्षति कोष लगायत जलवायु कोष तथा सुविधाका आधारमा सहायता परिचालन गरिने व्यवस्था मिलाइने छ। कूल गार्हस्थ्य उत्पादनमा कुल सार्वजनिक ऋणको अनुपात ४०% मुनि नै हुँदा सार्वजनिक ऋणको उपयोग उत्पादनमुलक क्षेत्रमा गर्ने व्यवस्था मिलाइएकोले यसले मुलुकको समृद्धिमा टेवा पुर्याउने विश्वास लिएको छु। यसमा कुनै समयमा ६२% सम्म पनि पुगेको थियो। कुल गार्हस्थ्य उत्पादनको अनुपात हाम्रो ऋणको र यसपटक हाम्रो चाहिँ केही २२% सम्म पुग्यो। आगामी वर्षमा ४०% को हाराहारीमा रहन्छ।

र सम्माननीय अध्यक्ष महोदय, म अध्यक्ष महोदयमार्फत सम्मानित सदनलाई के जानकारी गराउन चाहन्छु भने खासगरी हाम्रो यो कोभिड-१९ को वरिपरि र त्यसैगरी यो भूकम्प पछि हामीले अहिले ऋणको मात्रा बढ्यो। र त्यसमा पनि कोभिड-१९ पछि नै हाम्रो ऋणको मात्रा बढ्यो। हाम्रो त्यो अर्थतन्त्रलाई रिकभर गर्नको लागि त्यो रिकभरीको लागि हामीले अलिकति ऋण लियौं। त्यसले गर्दा ऋणको ग्रेस पिरियड सकिएर अब तिर्ने साँवा तथा ब्याज तिर्ने समय सुरु भएको छ। गत वर्ष भन्दा आगामी वर्ष यो वर्ष चालु वर्ष भन्दा आगामी वर्ष एक खर्ब छ अर्ब बढी हामी साँवा तथा ब्याज चुक्ता गर्नुपर्ने छ। एक खर्ब बढेको छ हाम्रो समग्र बजेट तर एक खर्ब छ अर्ब चाहिँ हाम्रो साँवा तथा ऋणको हिस्सा मात्रै छ आगामी वर्षको लागि त्यसो गर्दा चाहिँ हामी अलिकति चाहिँ यो चाहिँ केही वर्षहरू पाँच/सात वर्ष चाहिँ ऋणको र साँवाको भुक्तानीको अलिकति चाप छ। त्यसपछि विस्तारै घटेर फेरि ४०% भन्दा मुनि आउँछ नै। त्यो खालको छ। र ऋण र हाम्रो कुल गार्हस्थ्य उत्पादनको रेसियोको हिसाबले हेर्दा त कयौं विकसित देशहरू भन्दा धेरै कम छ। तर यसमा कुन क्षेत्रमा लगानी गर्दैछौं? भन्ने कुरा हो एकातिर। अर्कोतिर चाहिँ यसले उत्पादन दिइराखेको छैन। यसले रिटर्न दिइराखेको छ कि छैन भन्ने मात्रै कुरा हो। जापानजस्तो विकसित देशको २००% भन्दा बढी ऋण, अमेरिकाकै त्यही हाराहारीको ऋण हुने अरु विकसित देशहरूको ऋण हुन्छ तर किन भन्दा तिर्ने क्षमता छ। हाम्रो चाहिँ अहिलेसम्म तिर्ने क्षमता छ। तर फेरि पनि यसमा चाहिँ हामीसँग स्पेस छ भन्दै लापरवाहीपूर्ण ढङ्गले ऋण अनुत्पादक क्षेत्रमा परिचालन

गरिनु हुँदैन भन्ने कुरामा सरकार सचेत रहेको पनि यहाँ जानकारी गराउन चाहन्छु। सरकारले गर्ने लगानी प्रत्यक्ष वैदेशिक लगानीमा हुने थप वृद्धि र निजी क्षेत्रले परिचालन गरेर लगानीको कारण थप रोजगारीका अवसर सिर्जना भई विदेश पलायन हुने युवालाई स्वदेशमा रोजगारी गर्ने गरी वातावरण निर्माण हुने अपेक्षा बजेटले लिएको छ। आगामी आर्थिक वर्ष राजस्व परिचालनमा अनुमानलाई अझ बढी यथार्थपरक बनाउने प्रयास स्वरुप राजस्व अनुमान चालु आर्थिक वर्षभन्दा न्यून गरिएको छ भने कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझावसमेत यो प्रतिवेदन क्रमशः कार्यान्वयन गरिनेछ। राजस्व धेरै भो महत्वाकाङ्क्षी भन्ने कुरा पनि होइन। चालु वर्षमा गरिएको चौध खर्ब something भन्दा अहिले कमै छ। त्यसो गर्दा चाहिँ फेरि गत एक वर्ष अगाडि नै हामीले चाहिँ धेरै उठाउँछौं भन्यौं। आगामी वर्ष हामी कम उठाउँछौं भन्दा त यो कुनै तरिकाले पनि बढी भो भन्ने कुरै हुँदैन। त्यसको अर्थ चाहिँ फेरि अर्थमन्त्रीको  अनुहार फेरियो हिजोको अर्थमन्त्री फरक अनुहारको हुनुहुन्थ्यो र उहाँले चौध खर्ब माथि प्रस्ताव गर्दा वस्तुगत अहिले त्योभन्दा कम प्रस्ताव गर्दा फेरि यो महत्वाकाङ्क्षी भो। अवस्तुगत भनियो भने सायद यो न्यायोचित हुँदैन। कि हामी सकेसम्म हामीले हाम्रो राजस्व प्रणालीलाई सुधार गर्ने त्यसैगरी यसलाई चाहिँ यसको दायरा फराकिलो गर्ने नै हाम्रो कोसिस छ जसबाट एकातिर चाहिँ लगानी पनि बढोस्, अर्कोतिर कर पनि सहज रूपले कर पनि वृद्धि हुने अवस्था बनोस् भन्ने हाम्रो कोसिस छ। चालु आर्थिक वर्षको राजस्व सङ्कलनको तुलनामा आगामी आर्थिक वर्षको राजस्व सन्तुलन नै रहेको छ। अर्थतन्त्र चलायमान गराउन स्पष्ट कार्ययोजनासहित राजस्व सङ्कलन एवम् सघन बजार अनुगमन बढाउने। राजस्व चुहावट नियन्त्रण गर्ने कार्यलाई समन्वयात्मक ढङ्गले राजस्व सञ्चालन गर्दा राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न सकिने विश्वास दिलाउन चाहन्छु। सुर्तीजन्य र मदिराजन्य वस्तुमा अन्तःशुल्क वृद्धि गरी अन्य देशसँग तुलनाको रूपमा समानता कायम गरिएको छ। हाल मदिरा, बियर र वाइनको बजारमूल्य छिमेकी सीमावर्ती बजार भन्दा बढी छ। सीमावर्ती बजारभन्दा बढी राख्दा चोरी पैठारीको सम्भावना बढ्ने भएकोले सोसमेत विचार गरी दरहरू निर्धारण गरिएको छ भने कार्बन उत्सर्जन घटाउने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर सुरुवात गरिएको छ। यसमा सम्माननीय अध्यक्ष महोदय, के रहेछ भने हामीले यो पनि अध्ययन गरौं। सुर्ती र मदिराजन्य वस्तुको अन्तःशुल्कहरूको वृद्धि गरिएका छन्। केही वृद्धि गरिएको छ। तर चाहिँ तुलनात्मकरूपमा सीमावर्ती बजार खासगरी भारतीय बजारभन्दा हाम्रो महँगो छ। महँगो हुनेवित्तिकै के हुने रहेछ फेरि चोरी पैठारी हुने अथवा चोरी आयात हुने जसले चाहिँ हाम्रो आफ्नो उत्पादन बजारमा महँगो हुने, बिक्री नहुने अवस्था हुँदो रहेछ। त्यसैले त्यसलाई पनि विचार गर्दै, छिमेकको बजारलाई सीमावर्ती बजारलाई ख्याल गर्दै हामीले आफ्नो चाहिँ करहरूलाई बढाउने/घटाउने वा त्यसलाई मिलाउने गर्नुपर्ने रहेछ। त्यो कुरा पनि हामीले हेरेका छौं। त्यसैगरी

यो वर्ष नयाँ सुरु गरिएको चाहिँ हरित कर खासगरी पेट्रोलियम, कोइलालगायतका प्रदूषण बढाउने कार्बन उत्सर्जन गर्ने उहरूमा वस्तुहरूको थोरै सानो मात्रामा सुरुवातको रूपमा हरित कर सुरुवात गरिएको छ। यसले पनि के बताउँछ भने हामी विस्तारै ग्रिन इनर्जीतिर गइराखेका छौं। स्वच्छ ऊर्जातिर। नवीकरणीय ऊर्जाका सौर्य या जलविद्युत तिरै हाम्रो फोकस छ। माननीय सदस्यहरूको यसमा पनि चिन्ता थियो कि कतै चाहिँ यसमा चाहिँ सरकारको ध्यान कम गयो कि भन्ने होइन। करका दरमा समसामयिक बनाउन सामान्यरूपमा परिमार्जन तथा थपघट गरिएको। गतवर्ष आलु, प्याज र स्याउ लगायतका तरकारी एवम् फलफूलमा मूल्य अभिवृद्धि कर लगाइएकोमा प्रशासनिक हिसाबले आयातमा मात्रै अभिवृद्धि कर लगाउन जटिल भएको र आन्तरिक उत्पादनमा समेत मूल्य अभिवृद्धि कर लागेकोले आन्तरिक उत्पादनलाई संरक्षण दिन मूल्य अभिवृद्धि कर घटाई आयातमा अग्रिम कर लिने व्यवस्था गरिएको हो। यसमा कतिपय विद्वान् माननीयज्यूहरूले पनि हाउसमा पनि, प्रतिनिधि सभामा पनि र बाहिर पनि बोलेको सुनिएको छ। सायद यो अझै राम्रोसँग स्पष्ट नभएर होला। गत वर्ष चाहिँ १३% मूल्य अभिवृद्धि कर अथवा भ्याट लगाइयो। त्यसो गर्दा भ्याट भन्ने कुरा त जब के जति बिक्री हुन्छ किनिन्छ, किन्दै गर्दा जति मूल्य अभिवृद्धि हुँदै जान्छ त्यसमा लगाउने कर हो त्यो त। सिम्पल दुनियाँभरिको सिद्धान्त त्यही नै हो। अनि यो चाहिँ भन्सार विन्दुमा लाग्छ अनि आन्तरिक अर्को ठाउँमा किन्ने बिक्री हुने ठाउँमा लाग्दैन भन्नु नै यसको सिद्धान्त नबुझ्ने हो। गत वर्ष कस्तो भो भने हामीले आफ्नो उसलाई चाहिँ उत्पादनलाई संरक्षण नगरीकन दुवैलाई आयातीत पनि आफ्नो उत्पादनमा पनि कर लाग्न पुग्यो। त्यसको विरोधहरू पनि भयो। त्यसलाई करेक्सन गर्ने कोसिस पनि गरियो। तर करेक्सन हुन सक्या थिएन। यस पटक १३% को जो भ्याट छ, भ्याट हटाइएको छ। र त्यसमा अर्को पनि चर्चा सुनियो कि यसले चाहिँ फेरि चाहिँ आयातीत खासगरी चाहिँ यो आलु, प्याजलाई चाहिँ छोडियो। यहाँको बजार संरक्षण गरिएन भन्ने हो, त्यो यथार्थ होइन। आन्तरिक बजारलाई, उत्पादनलाई खासगरी आलु, प्याज र स्याउको आन्तरिक उत्पादनलाई संरक्षण गर्ने यस अर्थमा कि त्यसमा मूल्य अभिवृद्धि कर हटाइयो तर आयातीतमा फेरि चाहिँ अग्रिम आयकर लगाइयो। १०% अग्रिम आयकर भन्सार विन्दुमा लगाइन्छ। त्यसो गर्दा १०% को डिफ्रेन्स भनेको प्रतिस्पर्धा गर्न सक्छ। हाम्रो आफ्नो उत्पादन प्रतिस्पर्धी हुन्छ। हाम्रो उत्पादन आन्तरिक उत्पादन संरक्षित हुन्छ भन्ने कुरा नै हो। म त्यो पनि स्पष्ट गर्न चाहन्छु। राजस्व परामर्श समितिमा भएको छलफल विज्ञबाट गरिएको अध्ययनबाट निष्कर्षको आधारमा निजी विद्युतीय सवारी साधनमा लाग्ने भन्सार महसुल र अन्त शुल्कमा केही वृद्धि गरिएको हो। यसमा पनि कति माननीयज्यूहरूको र बाहिर पनि टिप्पणी किन बढाइयो भन्ने पनि छ। किन कम गरियो भन्ने पनि छ। यसमा धेरै बढाउन पर्छ भन्ने पनि ट्रेण्ड छ बाहिर। ल यहाँ के भो अर्थमन्त्रीले मिलोमतो गर्यो। कम लगाइदियो भन्नेसम्म पनि आरोप लगाएर मिडियाहरूमा

आएका छन्। कतैले फेरि चाहिँ ल हरित ऊर्जातिर जाने ग्रिन इनर्जीतिर जाने भन्ने फेरि चाहिँ यसमा कर लगाए भन्ने खालको पनि छ। यसमा हामी सन्तुलित ढङ्गले हिड्न कोसिस गरेका छौं। खासगरी विद्युतीय गाडी सवारी साधनमा लगाइएको नोमिनल कर छ विगतमा। त्यसले गर्दा चाहिँ हामी पेट्रोलियमबाट पेट्रोलबाट चल्ने डिजेलबाट चल्ने गाडीहरूको आयात वा त्यसपछि इन्धनको आयातमा उठ्ने भन्सार लगायतका शुल्कहरू छन्। त्यसबाट चालु वर्षमा कम्तीमा चालिस अर्बको राजस्व गुमिराखेको छ। चालिस अर्ब। एकातिर हामी हाम्रो राजस्व गुम्दै गएको छ। अर्कोतिर फेरि हाम्रो प्रतिबद्धता अनुसार र त्यतै जानु पर्छ कि हामी के हरित ऊर्जा तिरै जानुपर्छ। जलवायु परिवर्तनका कुरा छन्। त्यसैगरी चाहिँ कार्बन उत्सर्जनका कुराहरू छन्। वातावरणका चाहिँ संरक्षणका कुराहरू छन्। त्यो सबै प्रतिबद्धता र जनस्वास्थ्यका लागि हामी यो चाहिँ उसलाई सवारी साधनहरू विद्युतीय सवारी साधनलाई प्रोत्साहन गर्नै पर्छ। तर फेरि एकैसाथ यति धेरै पनि गर्न सक्दैनौं कि जसले हामी सन्तुलित ढङ्गले अगाडि बढेका छौं। र यस पटक १०% मात्रै करवृद्धि गरिएको छ। त्यसमा मिश्रित प्रतिक्रियाहरू छन्। तर यो चाहिँ लोजिकल छ। तार्किक छ भन्ने हाम्रो दाबी छ र साबिकको भन्सार ऐन र नियमावलीमा भएका व्यवस्थालाई समेटी भन्सार महसुल ऐन, आर्थिक ऐन कै अङ्कमा पेश गरिएको हो। छुट्टै भन्सार महसुल ऐन तर्जुमा नगर्ने अन्तर्राष्ट्रिय अभ्यास छ। यसबाट भन्सार प्रशासनको काममा थप दक्षता वृद्धि हुनेछ। भन्सार प्रशासन कामकारबाहीमा सहजता र प्रभावकारिता अभिवृद्धि गर्ने। उद्देश्यले भन्सार महसुल दर तोक्ने र हेरफेर गर्ने विषय समावेश गरी छुट्टै नयाँ भन्सार महसुल विधेयक पेश गरिएको हो।

सम्माननीय अध्यक्ष महोदय, मुल विषय मैले यसरी नै प्रस्तुत गरें। खास गरी शान्ति प्रक्रिया र शान्ति कोष बारे पनि चर्चा भो। हामी सरकारको प्रतिबद्धता छ। शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्याउने। त्यसको लागि नै हामीले विभिन्न दातृ निकायसँग सहयोग मित्रराष्ट्रहरूसँग विभिन्न कोषहरू सहकार्य गरेर एउटा शान्ति कोष जो चाहिँ प्रभावितहरू सङ्घर्षको क्रममा प्रभावित सहिद परिवारहरूलाई, घाइते होला, अपाङ्गता होला, सम्पत्ति क्षति भएको होला विभिन्न रूपले शान्ति प्रक्रियाको क्रममा भोलि हामीले परिपुरन दिनुपर्ने होला। त्यो सबैको लागि एउटा अलगै कोष स्थापना गर्ने एउटा चाहिँ व्यवस्था गरिएको हो। त्यो अनुसार एउटा शान्ति कोषको लागि सानो रकम त्यहाँ व्यवस्था गरिएको छ। यसमा विभिन्न विकास साझेदारहरूबाट पनि प्रतिबद्धताहरू आएको छ। कोषमा थप गर्ने त्यसबाट हामी द्वन्द्व प्रभावित परिपुरन लगायत क्षतिपूर्ति लगायत विभिन्न काम गर्न सक्छौं भन्ने लाग्छ। त्यसै गरी चाहिँ खास यो नयाँ चरणको आर्थिक सुधार के हो? भन्ने विभिन्न माननीयज्यूहरूबाट पनि आएको छ। बाहिर पनि बहस छ। यो भनेको विगतका हाम्रा आर्थिक सुधारका अनुभवहरूलाई हामीले समीक्षा गर्दै खास यो नयाँ संविधानले व्यवस्था

गरेअनुसार तीन खुट्टे अर्थतन्त्र भन्छ। सार्वजनिक, निजी र सहकार्य। तीनैवटालाई कसरी परिभाषित गर्न कसरी हिड्नसक्छौं? त्यसको चाहिँ ठ्याक्कै अभिवृद्धि के हुन्छ? समाजवाद उन्मुख अर्थतन्त्र हुन्छ। त्यो कसरी हामी हासिल गर्न सक्छौं? भन्ने कुरा नै हामी त्यसमा चाहिँ एउटा आयोग गठन गर्छौं त्यसबाट छलफल, बहस हुन्छ निजी क्षेत्रसँग, बौद्धिक समूदाय, पार्टीहरूसँग सबै हाउसमा पनि आवश्यकताअनुसार छलफल गर्छौं र एउटा साझा नीति बनाउँछौं। सरकार फेरिन सक्छ, प्रधानमन्त्री, अर्थमन्त्री फेरिन सक्छन् तर आर्थिक नीति नफेरियोस् भनेर एउटा आगामी सुधारको गन्तव्य निश्चित गर्न खोजेको हो। त्यसको लागि समाजवाद उन्मुख हाम्रो अर्थतन्त्र कसरी निर्माण हुन्छ? त्यसको लागि पहिलो त हामी उत्पादन बढाउन पर्ने हुन्छ। उत्पादकत्व बढाउनु पर्ने हुन्छ। रोजगारी सृजना गर्नुपर्ने हुन्छ। र त्यो चाहिँ हामीले जो पुँजी निर्माण गर्छौं राष्ट्रिय पुँजीको रूपमा त्यो पुँजी चाहिँलाई फेरि सामाजिक न्यायको रूपमा एउटा चाहिँ पुनर्वितरण हुने एउटा चाहिँ सिद्धान्तमा आधारित हुन्छ। र समाजवाद उन्मुख हुन्छ। यस अर्थमा अहिलेको चरणमा निजी क्षेत्र नै ड्राइभिङ्ग सिटमा हुन्छ। निजी क्षेत्रलाई प्रवर्धन गर्ने। साथसाथै सहकारी र सार्वजनिक क्षेत्रलाई सँगसँगै हिडाउने। त्यसो गर्दा उत्पादन वृद्धि हुन्छ। अर्थात समग्र अर्थतन्त्रमा विकास हुन्छ। तिव्ररूपमा विकास गर्न सकिन्छ भन्ने मुल सोर्स सरकारको त्यो वरिपरीबाट हामी चाहिँ आर्थिक सुधारको नयाँ चरण सुरु गर्न खोजेको हो। र बाँकी चाहिँ विकासका नयाँ नयाँ हाम्रा आवश्यकताहरू छन्। त्यसमा चाहिँ पछिल्ला तथ्याङ्कले के देखाउँछ भने हाम्रो ठुलो जनशक्ति विदेशिएको छ। त्यस मध्ये पनि पुरुष युवाहरू विदेशिएको छ र यो वर्षको अध्ययनले पनि के देखाएको छ भने महिला जनसङ्ख्या निकै कम विदेशिएको छ। र देशभित्र रहेको उत्पादनशील जनशक्तिमा चाहिँ महिलाको एकदमै ठुलो हिस्सा छ। पुरुष धेरै जसो बाहिर गएको छ। भन्दा महिला जनशक्तिमैत्री चाहिँ हाम्रो विकास मोडेल जरुरी छ। त्यसैले पनि प्रधानमन्त्री छोरी आत्मनिर्भर कार्यक्रम हामीले परिकल्पना गरेका हौं। त्यसमा हामीले त्यसमा चाहिँ एउटा शीर्षक सुरु गरेका छौं। त्यसमा पर्याप्त अध्ययन, कार्यक्रम डिजाइन गरिसकेपछि आवश्यक बजेट हामी जुटाउने। यसमा चाहिँ अर्थ मन्त्रालयको प्रतिबद्धता हामी महिला बालबालिका मन्त्रालयलाई पनि दिइसकेका छौं। पहिले बजेट बनाउँदै पनि। त्यसो हुँदा चाहिँ त्यसमार्फत चाहिँ महिलाहरूलाई उद्यमशील बनाउने, व्यावसायी बनाउने र देशभित्रको आर्थिक विकासको मुल ग्रोथ इन्जिन भन्छ या उत्पादनको मुख्य चाहिँ ड्राइभिङ्ग सिटमा अब महिला जनशक्ति रहन्छ। तथ्यले त्यो देखाउँछ। पुरुष युवाहरू बाहिर गएको छ। ठुलो सङ्ख्यामा महिलाहरू अथवा महिला जनशक्ति नै नेपाल भित्र छ। देश भित्र छ भन्दा हामी पुरुषमैत्री बनाएर हामी चाहिँ अगाडि जान सक्दैनौं भन्ने बुझाइ पनि हाम्रो स्पष्ट हो। यो अध्ययनले देखाएको छ। अध्ययन तथ्याङ्कहरूले देखाएको छ। यो कुनै मनोगत कुरा होइन। त्यसै गरी अरु चाहिँ अर्को कुरा विकासको नयाँ डाइनामिक्स के देखिया छ भने सम्माननीय अध्यक्ष

महोदय, कि हाम्रो ठुलो जनसङ्ख्या बाहिर गयो युवाहरू डायस्पोराको रूपमा अहिले ब्रेनड्रेनको रूपमा गयो । हाम्रो चाहिँ त्यस्तो चाहिँ जनशक्ति बाहिर गयो। तर बिस्तारै सूचना प्रविधिको विकासलगायत धेरै कुराहरूले के गर्यो भने बाहिर रहेको जनशक्ति र देशभित्रको उद्यमशीलता जोड्न सजिलै सकिने अवस्था बन्यो। आईटी क्षेत्रको अहिलेको पछिल्लो चमत्कार केसम्म भो भन्दा देशभित्र रहेको उद्यमशील जनशक्ति र देश बाहिर गएको डायस्पोरा रहेका जनशक्ति बिचको एउटा चाहिँ सहकार्य गर्ने त्यसको सम्भव भएको छ। त्यसैले हामी डायस्पोरालाई पनि देशको विकासमा चाहे चीनको विकास हेर्नुहोस, भारतको विकास हेर्नुहोस। First बाहिर बसेका चीनियाँहरूको लगानी। त्यसै गरी बाहिर रहेका भारतीयहरूको लगानी First। त्यसपछि अरु विदेशी लगानीकर्ता आएको हुन्। हाम्रो अहिले पनि के देखिराछौं भने FDI जो भन्छौ Foreign Direct Investment भन्छौं जो। प्रत्यक्ष वैदेशिक लगानीमा पहिलो विदेशमा रहेको हाम्रा नेपालीहरू एनआरएनहरू आइराख्या छ। र त्यसको साथसाथै उहाँहरूसँगै त्यहाँ रहेका अरु उद्यमी, अरु व्यवसायी, अरु लगानीकर्ता आइराख्या छ। यो पनि हाम्रो विकासको या लगानीको नयाँ डाइनामिक्स देखिएको छ। यो कुराहरूलाई पनि यहाँ स्वामित्व हामी खोजेका छौं। र यही कुराहरू यसमा रहेको छ। र यहाँ चाहिँ माननीय सदस्यहरूले राख्नु भएको जिज्ञासा, प्रश्नहरू मेरा चाहिँ समर्थनले हामीलाई हौसला मिलेको छ। यसलाई कार्यान्वयन गर्न विश्वास मिलेको छ। यत्ति कुरा राख्दै सम्माननीय अध्यक्षमार्फत माननीय सदस्यहरूलाई पनि हार्दिक धन्यवाद आभार व्यक्त गर्दै बिदा हुन्छु। धन्यवाद।

(१५:३७ बजे)**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८१।०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभाका पूर्व सदस्य खगेन्द्रराज रेग्मी, संविधान सभा सदस्य सूर्यमान गुरुङ र प्रतिनिधि सभाका पूर्व सदस्य शैयद मेहराज अहमद शाहको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु।

(क) "वि.सं. २००६ सालमा जन्मनु भएका राष्ट्रिय सभाका पूर्व सदस्य खगेन्द्रराज रेग्मीको मिति २०८१ साल जेठ १ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय रेग्मी नेपाली कांग्रेस पार्टीको तर्फबाट २०५८ सालमा राष्ट्रिय सभा सदस्य हुनुहुन्थ्यो। यो बैठक स्वर्गीय रेग्मीप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

(ख) “वि.सं. १९९९ सालमा जन्मनु भएका संविधान सभा सदस्य सूर्यमान गुरुङको मिति २०८१ साल बैशाख २५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय गुरुङ नेपाली काँग्रेस पार्टीको तर्फबाट २०६४ र २०७० सालको संविधान सभा सदस्य हुनुहुन्थ्यो। साथै स्वर्गीय गुरुङ श्रम तथा रोजगार मन्त्री र स्थानीय विकास मन्त्रीसमेत हुनुभएको थियो।

यो बैठक स्वर्गीय गुरुङप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।”

(ग) “वि.सं. १९९६ सालमा जन्मनु भएका प्रतिनिधि सभाका पूर्वसदस्य शैयद मेहराज अहमद शाहको मिति २०८१ साल बैशाख २५ गते निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्वर्गीय अहमद शाह नेपाली काँग्रेस पार्टीको तर्फबाट २०४८ सालको प्रतिनिधि सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्वर्गीय अहमद शाहप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।”

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरूलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावहरू सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब राष्ट्रिय सभाका पूर्व सदस्य खगेन्द्रराज रेग्मी, संविधान सभा सदस्य सूर्यमान गुरुङ र प्रतिनिधि सभाका पूर्व सदस्य शैयद मेहराज अहमद शाहको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गरौं।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ २८ गते अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ २८ गते सोमवार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १५:४२ बजे।**